# अध्याय : एक (CHAPTER : ONE)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल एशिया महादेशको दक्षिण पूर्वी भागमा अवस्थित एक सानो, स्वतन्त्र तथा भूपरिवेष्ठीत राष्ट्र हो । यसको कूल क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर छ । यसले विश्वको कूल क्षेत्रफलको ०.०३ प्रतिशत र एशिया महादेशको ०.३ प्रतिशत क्षेत्रफल ओगटेको छ । नेपाल ८० डिग्री ४ मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तर तथा २६ डिग्री २२ मिनेट उत्तरी अक्षांशदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांशबीच अवस्थित छ (श्रेष्ठ,२००४) ।

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय मूलुक हो । मंगोल, आर्य, द्रविड र आष्ट्रिक गरी चार उद्‌भवका जातजातिहरू यस देशमा बसोवास गर्दै आएका छन् । नेपालमा अधिकांश मानिसहरू हिन्दु धर्म मान्दछन् । पछिल्लो जनगणना अनुसार ८१.१ प्रतिशत मानिसहरू हिन्दु धर्म मान्ने गरेको पाइएको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) । मूलत हिन्दु समाज वर्ण व्यवस्थामा आधारित छ र यसलाई त्यस्तो व्यवस्थामा ढालिएको अहिले झन्डै तीनहजार वर्ष भएको छ । यस व्यवस्थाअनुसार ४ वर्ण छन – ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र । जसअनुसार ब्राम्ह्णले बौद्धिक ज्ञान र धार्मिक कार्य गर्ने, क्षेत्रीले शासकीय र राजनीति गर्ने, वैश्यहरूले व्यापार, खेति तथा आर्थिक क्रियाकलाप गर्ने र शुद्रहरूले श्रमिकको रूपमा ब्राम्ह्ण, क्षेत्री, तथा वैश्यको सेवा गर्ने भन्ने चलन चलाइएको थियो ।यसका साथै वर्ण व्यवस्थाले शुद्रलाई 'अछुतमा' परिणत गऱ्यो । ती अछुतहरूलाई पनि छोइछिटो हाल्नु पर्ने र छोइछिटो हाल्नु नपर्ने गरि २ श्रेणीमा विभाजन गरिएको छ । तत्कालीन समयभन्दा पहिलेदेखि नै छिमेकी राष्ट्र भारत पनि यस्तै व्यवस्थाबाट गुज्रिसकेको हुनाले समयक्रम बित्दै जादाँ नेपालमा यिनलाई भारतको सिको गर्दै 'दलित समुदाय' भन्ने सम्बोधन गरिदा चलन चल्तीको भाषामा तिनिहरूलाई आजभोलि 'दलित समुदाय' नै भनिन्छ । कानुनी आखाँबाट हेर्ने हो भने जंगबहादुर राणाले बनाएको मूलुकी ऐन (१९१०)ले नेपाली समाजमा पानी अचल ठहर गरेको समुदाय नै दलित समुदाय हो (के.सी., २०६३) ।

राष्ट्रिय दलित आयोगका (२०६९)का अनुसार "हिन्दु वर्णाश्रम जाति व्यवस्था वि.स.१९१० को मूलुकी ऐनबाट पानी नचल्ने र छोइ छिटो हाल्नु पर्ने जातजाति भनि जातीय भेद्भाव एवं समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिक रूपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित वर्ग भनि परिभाषित गरिएको छ।" जस अन्तर्गत

**(क) पहाडे मूल**

१.गन्धर्व (गाईने)

२.परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुड्के)

३.बादी/कुलु

४.विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनँरा, पार्की, टमटा)

५.सार्की (मिजार, चर्मकार, भुल)

६.पोडे (देउला, पुजारी, जलारी, जलान्धर)

७.च्यामे (कुचिकार, च्याम्खल)

**ख. मधेशी मूल**

८. कलर

९.ककैहिया

१०. कोरी

११. खटिक

१२. खत्वे (मण्डल, खङ्ग)

१३. चमार (राम, मोची, हरिजन, रविदास)

१४. चिडिमार

१५. डोम (मरिक)

१६. तत्मा (ताँती, दास)

१७. दुसाध (पासवान, हजारा)

१८. धोवी (रजक) हिन्द

१९. पासी

२०. बाँतर

२१. मुसहर

२२. मेस्तर (हलखोर)

२३. सरभङ्ग (सरवरिया)

२४. नटुवा

२५. ढाँडी

२६. धरिकर/धन्कार

पर्दछन् (राष्ट्रिय दलित आयोग, २०६९) । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्धारा प्रकाशित बृहत नेपाली शब्दकोशले दलित समुदायलाई फग्ल्याटै फग्ल्याटा पारिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको, नष्ट गरिएको वर्ग वा समाजमा हक, हित र प्रतिष्ठा समान रूपले पाउन नसकेको जाति वा समूह सामाजिक व्यवस्थाको असमानताले शोषिएको वा पछि परेको जनसमुदाय भनेर परिभाषित गरेको पाइन्छ ।

दलित गैरसरकारी संस्था महासंघको सैन्द्धान्तिक कार्यदिशामा दलित समुदायको परिभाषा यसरी दिएको छ । जसअनुसार दलित समुदाय भन्नाले वंशाणुगत शील्प कर्मी, श्रमिक, कला र संस्कृतिको धनि समाज सजग समुदाय वा जातिहरू नै दलित समुदाय हुन् भनिएको छ भने जन उत्थान प्रतिष्ठानलको संसोधित विधान २०६०  अनुसार दलित भन्नाले वंशाणुगत शिल्पी कला र संस्कृतिले धनि, समाजका सर्जक समुदाय भन्ने बुझिन्छ -जन उत्थान प्रतिष्ठान,२०६१) ।

राष्ट्रिय जनगणना २०५८ का अनुसार दलित जातिको कूल जनसंख्या २९,४६,१५७ मध्ये पुरूष १४५८२४६ र महिला १,४,८७,९११ रहेका छन् । नेपालको कूल जनसंख्याको १२.९७ प्रतिशत दलित रहेको पाइन्छ । राष्ट्रिय स्रोत र साधनमा दलित समुदायको पहुँच विश्लेषण गर्दा नेपालको समग्र साक्षरता दर ५४ प्रतिशतको हाराहारीमा रहे पनि दलित

समुदायको साक्षरता दर ३३ प्रतिशत रहेको छ। नेपालको १७ प्रतिशत अति गरिब जनसंख्या मध्ये ८० प्रतिशत जनसंख्या दलित समुदायको रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०५८)।

नेपालका दलितहरूले परम्परादेखि विभिन्न पेशा-व्यवसाय गर्दै आएका छन् । ती जातिहरूमा गरगहना, हातहतियार, भाँडावर्तन आदि निर्माण गर्ने समुदाय, लुगा सिलाउने र बाजागाजा बजाउने पेशामा संलग्न समुदाय, छालाका काम गर्ने समुदाय, गीत गाई हिड्ने समुदाय, बादी समुदाय, कुमाल समुदाय, लुगा धुने पेशामा संलग्न समुदाय, विभिन्न पेशामा संलग्न तराइका दलित समुदाय, नेवारी समाजभित्रका अछुत समुदाय आदि दलित समुदाय भित्र पर्दछन् । यिनीहरूको आर्थिक, सामाजिक र शैक्षिक अवस्था एकदमै दयनिय रहेको पाइन्छ (सार्की, २०६७)।

दलितहरू बर्षौंदेखि दमन र शोषणमा पर्दै आइरहेका छन । दलितहरूको ज्यादा जसो शोषण उनिहरूलाई समाजको मूलधारबाट अलग राखेर गर्ने गरिन्छ। उनिहरूलाई जहाँ पनि गाँउदेखि टाढै राखिन्छ र सामाजिक बहिष्कार गरिन्छ । उनिहरूलाई सरसफाइको ज्ञान दिइदैन जसका कारण उनिहरू फोहोरी बन्न बाध्य हुन्छन । आय-आर्जनको गतिलो साधन पनि उनिहरूसँग हुदैन। त्यसैले बैकल्पिक आयका लागि पशु पाल्दछन। पशुपालनमा सुँगुर-बंगुरबाट नगद आम्दानी हुने हुँदा प्राय जसो सबै दलितहरूले त्यहि पाल्दछन र त्यहि खान्छन । गरिबीकै कारण दलितहरू सिनो फाल्दछन । मृत चौपायका छाला काड्दछन् ( पाण्डेय, २०६२)।

नेपालका दलितहरू शैक्षिकमा पछाडि छन् । दलितहरूलाई शिक्षाबाट वञ्चित गर्ने विचारधारा र वर्णवादी जातपातको प्रथा सदियौंदेखि चलिआएको छ । मनुको वर्णवादी व्यवस्थामा शिक्षाका एकमात्र हकदार बाहुनहरू हुन र दलितहरूले शारीरिक श्रमका काम बाहेक शिक्षा ग्रहण गर्न निषेध गरिएको थियो । मनुस्मृतिमा उल्लेख भए अनुसार शूद्रहरूले लेखपढ गरेमा जिब्रो काट्नु पर्ने र सुनेको खण्डमा कानमा तातो पग्लिएको सिसा खन्याउनु पर्दछ। दलितहरूमा निरक्षर व्याप्त छ र केही दलितहरूले मात्र उच्च शिक्षा हासिल गरेका छन् (भट्टचन र साथीहरू २०६५) । पछिल्लो समयमा दलितहरूले आफ्नो मुक्तिका खातिर अन्य जाति सरहको हैसियतमा आफूलाई पनि राख्न आवाज उठाइरहेका छन तर अरूसँग समानताको अधिकार माग गर्ने दलितहरू भित्रै समानता छैन् । आन्तरिक छुवाछुत छ । सुनारले कामीलाई, कामीले सार्कीलाई, सार्कीले दमाईलाई, दमाइले बादीलाई, बादीले

च्यामेलाई सानो भन्दै छुवाछुत गर्दछन् । त्यसैगरि तराइवासी दलितहरूमा पनि यहि रोग छ । त्यहाँ पनि मेस्तरले डोमलाई, डोमले मेस्तरलाई तल्लो भन्दछन् । एकले छोएको अर्कोले खादैन । त्यसैगरि पासवानले डोम र मेस्तरलाई तल्लो भन्दछन् । दुसाध र चमारले बाकी सबै दलितलाई तल्लो भन्दछन् । खत्वे र मुसहरले डोम र मेस्तर (हलखोर) लाई तल्लो मान्दछन् (पाण्डेय २०६२) ।

केही वर्ष यता नेपालमा दलित शब्द राजनैतिक अर्थमा निकै प्रयोग हुने गरेको छ । सीमान्त अवस्थामा जीवनयापन गरिरहेका यी विभिन्न जातिगत समूहका अधिकांश मानिसहरू सबै हिसाबले नेपालका अत्यन्तै पिडित वर्गमा पर्दछन् । यिनीहरूका अधिकार तथा संघर्षका कुरालाई ऐक्यवद्ध तथा शसक्तताका साथ राजनैतिक रूपमा अगाडि बढाउन सहयोगी हुने हिसाबले दलित शब्दको प्रयोग भएको हो तर राजनैतिक, आर्थिक, शैक्षिक, सामाजिक आदि विभिन्न हिसाबले उनिहरू भित्र पनि प्रसस्त भिन्नता रहेकोले यस शब्दको प्रयोग गर्दा उनिहरू वीच विविधता आ-आफ्ना विशिष्टता तथा प्रशस्त असमानता समेत रहेको तथ्य विर्सन हुदैन (पराजुली, २०६८) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

प्राचिनकालमा भएको प्रारम्भिक श्रम विभाजनलाई दासप्रथाका समयमा आएर आर्यावर्तिय आर्यहरूका हिन्दु पुरोहितले स्थायी सामाजिक व्यवस्थामा रूपान्तरित गर्ने काम गरे । यो विधिको व्यवस्था मनुस्मृतिमा गरेको पाइन्छ । मनुस्मृति कालदेखि नै हिन्दु समाजमा छुवाछुतको विचार र व्यवहारको सूत्रपात भएको मानिन्छ । मनुस्मृतिमा गरिएको सामाजिक तहहरूको व्यवस्थामा शुद्रहरूलाई अछुतको श्रेणीमा राखिएको छ । सबै किसिमका बौद्धिक विकास र उद्यमशिलताबाट बञ्चित गरिएको यो समुदायका व्यक्ति, परिवार, प्रजाति वा जातिहरू सर्वण कहलाउने बाहुन, क्षेत्री र वैश्यहरूको दासको रूपमा काम गर्न विवश पारिए । यो विवशता जति लम्विदै गयो त्यति नै यो नैसर्गिक व्यवस्थाका रूपमा प्रचारित गर्ने काममा बाहुनहरूलाई सफलता मिल्यो र शुद्र बनाइएका समुदाय समेत पनि यसलाई स्वाभाविक मान्न थाले, त्यसैको परिमाण स्वरूप यो बाहुनवादी अराजकताको निकृष्टतम प्रबन्धले सामाजिक मान्यता प्राप्त गऱ्यो । यसरी शदियौदेखि कानुनी र सामाजिक रूपमा नै गैर नागरिकको हैसियतमा बाँच्न विवश बनाइएको समुदाय नै दलित समुदाय हो । जुन समुदाय सदैव समाज र कथित उच्च जातिको कयौं अमानवीय व्यवहार र क्रुर आचरणबाट पिडित छन् । जसको राज्यका कुनै पनि संयन्त्रमा कमै

प्रतिधित्व र स्रोत साधनमा न्युन पहुँच भएको पाइन्छ । यसरी आर्थिक रूपमा शोषित, सामाजिक क्षेत्रमा उत्पीडित, राजनैतिक क्षेत्रमा उपेक्षित, शिक्षा क्षेत्रमा बञ्चित र धार्मिक रूपमा अपहेलितका साथै समाजमा पछाडि पारिएको जात जातिलाई दलित मानिएको पाइन्छ ।

कथित उच्च जातको भेदभाव, दमन र शोषण आदि कारणले दलितहरू पछाडि परेका छन् । आधारभूत पेशा व्यावसायका सीपका क्षेत्रमा सम्बद्ध हुँदै आएका दलितहरू अजात-अछुतमा झारिएका छन् र पशुकोभन्दा पनि तुच्छ जीवन बाँच्न बाध्य पारिएका छन् । सबै सामाजिक गतिविधिहरूमा दलितहरूको समान सहभागिता रहँदैन् । संविधान र कानुनले बन्देज लगाउँदा समेत दलितहरूले सार्वजनिक स्थानमा उपस्थित हुन र सार्वजनिक उपभोगका वस्तुहरूको निर्वाध उपभोग गर्न पाइरहेका छैनन् । सार्वजनिक होटल, धारा, कुवा, मन्दिर, विवाह, चाडपर्व आदिमा दलितहरूलाई छुवाछुत तथा भेदभाव गरिन्छ । दलितहरू एकातिर आफैमा आत्मस्वाभिमान र आत्मविश्वासको कमि, हिनताबोध, बालविवाह, बहुविवाह, सिनो खाने, जाड-रक्सी सेवन जस्ता सामाजिक कुप्रथा र अन्धविश्वासको चौघेरो नाघ्न नसकेको पाइन्छ भने अर्कातिर त्यस्ता कुसंस्कार र कुप्रथालाई जबरजस्ती लाद्ने काम पनि भइरहेको छ ।

दलितहरूको आर्थिक तथा शैक्षिक अवस्था पनि कमजोर छ । उनीहरूको परम्परागत पेशा पनि लोप हुँदै गईरहेको छ किनकि राज्यले उनीहरूको परम्परागत सीप र क्षमतालाई आधुनिकीकरण र प्रतिस्पर्धी बनाउने स्पष्ट नीति लिएको छैन । त्यस्तै श्रमको सम्मान नहुनु बरू उल्टै श्रमको आधारमा अपहेलना गरिनु तथा श्रमअनुसार ज्याला नदिई श्रमको शोषण गरिनुले पनि दलितहरूको परम्परागत मौलिक पेशा र श्रमप्रति उदासिन हुन बाध्य भएका छन् । राज्यले दलितहरूलाई विना धितो ऋण दिने व्यवस्था नभएकोले उनीहरूमा व्यापारिक र औद्यौगिक भावनाको विकास हुन सकिरहेको छैन् । त्यस्तै राज्यको साधन स्रोतमा पहुँच नहुनु, उपयुक्त सीप र क्षमताको कमिले गर्दा दलित समुदाय सबभन्दा बढी बेरोजगार भएका छन् । सेना, प्रहरी, निजामति, औद्यौगिक तथा शैक्षिक प्रतिष्ठान र गैर सरकारी संस्थाहरूमा रोजगारीका लागि सर्वसुलभ व्यवस्था छैन् । त्यस्तै गरी दलितलाई शिक्षा दिनु हुँदैन् भन्ने चलन हाल नभए पनि हाम्रो समाजमा दलितले पढेर काम छैन् भन्दै चारैतिरबाट हतोत्साहित गर्न छाडिएको छैन् । शिक्षित र दक्ष दलित व्यक्तित्वहरूलाई उचित स्थान र सम्मान नदिएर दलितहरूलाई अप्रत्यक्ष रूपमा शिक्षाप्रति उदासिन हुन राज्यले नै प्रोत्साहित गरेको पाइन्छ । श्रमको सम्मान गर्ने व्यावसायमुखी शिक्षा नीति नहुनु, कतिपय विद्यालय

तहका पाठ्यक्रममा जातीय भेदभावलाई पुष्टी दिने खालका पाठ्य सामग्रीहरू हुनु र गैर दलित सहपाठी साथिहरू तथा शिक्षकहरूबाट समेत भेदभाव गरिनुले पनि दलित विद्यार्थीहरू हिनताबोध पालेर विद्यालय जान्छन र धेरैले यसै कारणले विद्यालय छोड्दछन् । दलितलाई निःशुल्क शिक्षाको व्यवस्था नहुनु दलित विद्यार्थीका नाममा आएका छात्रवृत्ति पहुँचका आधारमा गैर दलितलाई प्रदान गरिनु तथा गरिबी र अज्ञानताका कारणले धेरै दलित बालबालिकाहरु विद्यालय जादैनन् । छात्रवासमा भेदभाव गरिनु, सजिलै डेरा नपाउने समस्या र शिक्षित दलितले अवसर नपाउँदा कतिपय अवस्थामा उच्च शिक्षा हाँसिल गर्ने विचार त्यागेको पाइन्छ ।

नेपालका दलितहरू वर्षौदेखि थिचोमिचोमा पर्दै आइरहेका छन् । त्यस्तै उनीहरू अन्य समुदायका मानिसहरूभन्दा निकै पछाडि परेका हुनाले राष्ट्रको सर्वाङ्गिण विकास गर्न र उनीहरूलाई राष्ट्रको मूलप्रवाहमा ल्याउनको लागि यिनिहरूको बारेमा अध्ययन-अनुसन्धान गर्न आवश्यक छ । त्यसैले दलित समुदायसँग सम्बन्धित इन्द्रपुर गा.वि.स.मा केन्द्रित यस अनुसन्धानमा निम्न अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. अध्ययन क्षेत्रका दलितहरूको आर्थिक अवस्था कस्तो छ ?

२. दलित घरपरिवारको शैक्षिक अवस्था कस्तो छ ?

३. दलितहरू वीचको आर्थिक तथा शैक्षिक असमानता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

यस अध्ययनको साधारण उद्देश्य इन्द्रपुर गा.वि.स.का दलितहरु वीचको आर्थिक तथा शैक्षिक असमानताको अध्ययन गर्नु हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

(१) दलितहरूको आर्थिक अवस्थाको पहिचान गर्नु ।

(२) दलितहरूको शैक्षिक अवस्थाको पहिचान गर्नु ।

(३) दलितहरूविचको आर्थिक तथा शैक्षिक असमानताको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य (Significance of the Study)

एक्कासौं शताब्दीलाई विज्ञान र प्रविधिको युग मानिन्छ । यस युगमा आइपुग्दा पनि नेपालमा ब्राह्मणवादी तथा एकात्मक सोच विचारमा कमी भएको पाइन्दैन । ठूलो-सानो जात जस्ता संकिर्ण अमानवीय सोचले गर्दा राष्ट्रको सर्वाङ्गिण विकासमा वाधा परिरहेको छ ।

यसर्थ यस अध्ययनले राष्ट्रको सर्वाङ्गिण विकासमा केही हदसम्म सहयोग पुग्ने छ । यसका साथै यस अध्ययनको महत्वलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

१. सबैका लागि शिक्षा, शिक्षामा समान अवसर जस्ता विश्वव्यापी नारालाई साकार बनाउन सहयोगि हुने ।

२. सरकारी पक्षबाट हुन नसकेको दलितहरू बीचको आर्थिक तथा शैक्षिक असमानता पत्ता लगाउन सहयोगि हुने ।

३. यस अध्ययनले दलितहरूको आर्थिक तथा शैक्षिक अवस्था अध्ययन गरी समतामूलक समाज निर्माणमा सहयोग पुग्नेछ ।

४. यस अध्ययनले दलितहरूलाई राष्ट्रको मूल प्रवाहमा ल्याउन केही हदसम्म सहयोग गर्नेछ ।

५. नेपालका अन्य ठाउँमा रहेका दलितहरूको अवस्था अध्ययन-अनुसन्धान गर्नका लागि उत्प्रेरित गर्नेछ ।

६. अध्ययन क्षेत्रमा रहेको दलितहरूको आर्थिक तथा शैक्षिक योजना निर्माण गर्न सरकारी तथा गैरसरकारी संस्थाहरूलाई मार्ग दर्शन गर्न सहयोग पुग्नाको साथै कार्यक्रमको प्रभावकारितामा समेतमा वृद्धि हुनेछ ।

## १.५ अध्ययनको सीमा (Limitations of the study)

यस अध्ययनले नगरउन्मूख इन्द्रपुर गा.वि.स.का दलितहरूवीचको आर्थिक तथा शैक्षिक असमानता पत्ता लगाउने र दलितहरूको आर्थिक तथा शैक्षिक अवस्था समेत पत्ता लगाउने हुनाले निम्न अनुसारको सीमाभित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ ।

- यो अध्ययन इन्द्रपुर गा.वि.स.का दलितहरूमा सीमित गरिएको छ । यो अध्ययन दलितहरूको आर्थिक र शैक्षिक पक्षसँग सम्बन्धित रहेको छ ।
- यस अध्ययनमा इन्द्रपुर गा.वि.सका सामुदायिक विद्यालयमा अध्यनरत माध्यमिक तहका बालबालिकाहरूको शैक्षिक अवस्थाको विश्लेषण गरिएको छ । जसका लागि श्री सुकुना उ.मा.वि. र श्री महेन्द्र मा.वि. लाई अध्ययनमा समावेश गरिएको छ ।
- यस अध्ययनमा मा.वि. तह भन्नाले कक्षा नौ र दशलाई समावेश गरिएको छ ।

# अध्याय : दुई (CHAPTER : TWO)

## २. सम्बन्धित अध्ययनको पूनरावलोकन (Review of Related Literature)

## २.१ सन्दर्भ साहित्यको पुनरावलोकन

अनुसन्धान प्रस्तावनाको यस अध्यायमा अनुसन्धान विषय सगँ सम्बन्धित विभिन्न प्रकाशित, अप्रकाशित लेख, रचना तथा साहित्यहरूको पुनरावलोकन गरिएको छ ।

### २.१.१ सैद्धान्तिक पृष्ठभूमि (Theoretical background)

नेपालको इतिहासमा दलित समुदायले धातु कर्म, कपडा सिलाई र छाला व्यवसाय लगायतका क्षेत्रमा आफ्नो श्रम, सीप र पौरख प्रस्तुत गरेर दस्तकारितालाई नयाँ उचाई प्रदान गर्दै आएको कुरा सर्वविदितै छ । त्यसैगरि दलित समुदायले बाद्यवादन, गीत, संगित र नृत्यको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाहा गर्दै आएको कुरा पनि सुस्पष्ट छ साथै दलित समुदायले श्रम, कला र सौन्दर्यका समस्त क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको कुरा त्यसरी नै जगजाहेर छ । इतिहासको असली निर्माता श्रमिक जनसमुदाय हो । यस अर्थमा नेपाली दलित समुदाय एकै साथ दस्तकार, मजदुर र कलाकारको साथै नेपालको इतिहासको वास्तविक निर्माता पनि हो । परन्तु विडम्वना दलित समुदायको त्यो श्रम, सीप र प्रतिभालाई प्रतिकृयावादी राज्य सत्ताले सदैव अपमानित, तिरस्कृत र अपहेलित गर्दै आएको छ । त्यो स्थितिमा नेपाली दलित समुदाय आफ्नो यस प्रकारको श्रम, सीप र प्रतिभालाई नेपाली क्रान्ति र महान जनयुद्धमा समेत सर्मपित गरेर नयाँ नेपाल निर्माण गर्ने महान ऐतिहासिक अभियानमा सम्मिलित हुन पुगेका थिए । यसलाई हामीले विशेष गर्व र गौरवका रूपमा लिनु पर्दछ ।

प्रा.द. अ मञ्च (२०६६) को अनुसार नेपालमा करिब २३ प्रतिशत दलित समुदायहरू पूर्ण रूपमा भूमिहीन रहेकाछन् । कृषि श्रमिक, सामाजिक श्रम र परम्परागत कुटिर पेशा गर्दै आएका प्राय : सबै दलितहरूको निरन्तर रूपमा राज्यबाट श्रम शोषण र आत्मा सम्मानमा आघात पुर्याउदै आएको छ । वर्गिय, आर्थिक, सामाजिक र सास्कृतिक रूपमा शोषित हुदैआएका दलितहरू जल, जमिन र जंगल माथि पहुँच र सदुपयोग गर्न पाउने अधिकारबाट पनि वञ्चित हुदै आएका छन । दैनिक रूपमा खानेपानी, सामुदायिक वन, सर्वजानिक

जमिन, पानीघट्ट, सिचाइँकुलो आदि उपयोग गर्नबाट दलितहरूलाई वञ्चित गरिदै आएको छ । यस समुदायका नागरिक मानवको रूपमा वाँच्न र बस्न पाउनका लागि आफ्ना आधारभूत आवश्यकताका वस्तुको रूपमा रहेका प्राकृतिक स्रोत माथिको अधिकारलाई संवैधानिक रूपमा नै सुनिश्चित नगरिए सम्म नेपालमा दलित माथिको दमन अन्याय, शोषण, भेदभाव र असमानताको अन्त्य नहुने भएकोले प्राकृतिक स्रोत माथिको दलित अधिकारका लागि अव बन्ने संविधानमा राज्यका सम्पूर्ण स्रोत र साधनहरूमाथि सवै नेपाली नागरिकको समान हक हुने र प्राकृतिक स्रोत माथि दलित समुदायको अधिकारलाई अग्राधिकार प्रदान गरिने कुरा सुनिश्चित गरिनु पर्दछ ।

माँदेन (२०६७) का अनुसार सकारात्मक विभेदलाई सरकारले सवै समुदायका निम्ति एउटै नीति लिनु हुदैन । दलितप्रतिको दृष्टिकोण भिन्न हुनु पर्दछ , दलितको मूल समस्या भनेको सामाजिक भेदभाव हो । उनीहरूमाथि भईरहेको भेदभाव अन्त्य गर्न व्यवहारमा देखिने परिवर्तन राज्यले लिनु पर्दछ । निःशुल्क शिक्षा रोजगार इत्यादि दलितको सन्दर्भमा दोस्रो प्राथमिकता हो । दलितलाई रोजगारमूलक बनाउनका लागि शिक्षा पूर्ण रूपमा निःशुल्क गरी शिक्षितलाई योग्यता अनुसारको रोजगार वा वैकल्पिक जीविकोपार्जनको काम दिलाए मात्र उनिहरू समाजमा शीर उचो गरि रहन सक्छन् । शिक्षाको कमिले गर्दा आम दलितहरूमा हामी भगवानकै पालादेखि दलित भएका हौँ भन्ने भावना छ । छुवाछुत र गरिवीबाट मूक्ति पाइन्न भन्ने बुझाई छ ।

### २.१.२ पूर्व अध्ययनको पूनरावलोकन **(Review of Related Literature)**

यस अध्ययनमा दलित जातिसँग सम्वन्धित प्रकाशित एवं अप्रकाशित साहित्यहरूको पुनरावलोकन गरिने छ । नयाँ मुलुकी ऐन २०२० ले छुवाछुत प्रथालाई उन्मूलन गरेको भएता पनि यो प्रथा समाजमा अझै विद्यमान छ । एक सय भन्दा बढि राष्ट्रिय तथा अन्तराष्ट्रि गैर सरकारी संस्थाहरूले दलितको उत्थानकालागि काम गरेका भए पनि दलितहरू सामाजिक र आर्थिक रूपमा पछि परेका छन् । राज्यले लादेको हिन्दु राष्ट्रवादको साँस्कृतिक र नैतिक मान्यताको कारण दलित तथा जनजाति समुदायहरू पछाडी परेका हुन भन्ने एक थरि विद्धानहरूको भनाई छ । उनीहरू हिन्दु राष्ट्रवादलाई शोषणको नमूना ठान्दछन् । जहाँ बाहुन-क्षेत्रिहरूलाई शोषक र अत्याचारीको रूपमा चित्रित गरिएको छ ।

उनीहरूले जनजाति, दलित र मधेशीहरूको धर्म र संस्कृतिको फैलावट र प्रर्वद्धनमा अवरोध सृजना गरेको विश्वास गरिन्छ ।

दाहाल (२००५) का अनुसार नेपालका दलितहरू आर्थिक रूपले विपन्न छन् । त्यसैले उनीहरूले जसका लागि काम गर्दछन् , तिनलाई मालिक वा अन्नदाता र उनीहरूलाई निसहायका रूपमा हेर्ने गरिन्छ । उनीहरू आफ्नो मालिकको विरोधमा आवाज उठाउन सक्दैनन् । यसो गरेभने उनीहरू भोकै वस्नु पर्ने हुन्छ । त्यसैले अहिले दलितहरू हिन्दु मन्दिरम प्रवेश गर्न वा जनै लगाउन पाँउछन वा पाउदैनन् भन्ने भन्दा पनि उनीहरू माथिल्लो जातका वर्गहरूमा आर्थिक रूपले निर्भर नभई जीवन निर्वाह गर्न सक्छन की सक्दैनन् भन्ने सवाल बढि महत्वपूर्ण छ ।

प्रश्रित (२०५८)का अनुसार इतिहासदेखि नै दलितहरूलाई दासता र श्रममा रगटनका लागि धन सम्पतिबाट वञ्चित गर्ने जुन परम्परा चलेको थियो त्यसमा आधारभुत रूपमा परिवर्तन भएको छैन् । नेपाल भरी जहाँ हेरे पनि दलितहरू अधिकांश रूपमा भूमिहीन सुकुम्बासीको रूपमा या ज्यादै थोरै जमिन भएका किसानका रूपमा रहेकाछन् । आफ्नै जग्गामा खेति गरेर वर्ष भरी गुजरा गर्नेहरू नगन्यरूपमा छन । शिक्षा हासिल गर्न पनि अवसर नपाएका र सत्तासेन अनि सम्पन्न वर्गमा उनिहरूप्रति पूर्वाग्रह समेत रहेकाले सरकारी वा गैरसरकारी नोकरीहरूमा उनिहरूको प्रवेश नगन्य छ । सैनिक क्षेत्रम पनि प्राय भर्ती गरिन्न ठूल्ठूला उद्योग र व्यापार गर्ने स्थितिमा पनि उनिहरूको ठूलो संख्या पुगेको छैन् । परम्परागत सिलाई, आरन, जुत्ताका काम, माटोको काम, सरसफाईको काम आदिले जिनतिन उनिहरूले गुजारा गर्दै आएका थिए तर अव विदेशी मालसमान देश भित्र भित्रिनाले उनीहरूको पुरानो सीप र प्रविधि लोप भई झन वेरोजगार हुने स्थिति देखा परेको छ । त्यस्तै शिक्षा क्षेत्रमा युगौंबाट दलितहरू वञ्चित भए अहिले पनि गरिब र अचेतनाको कारणले गर्दा उनिहरूका ज्यादै थोरै केटाकेटी मात्र विद्यालय जानथालेका छन र एकदम नगन्यले मात्र उच्च शिक्षा हासिल गरेका छन् । यिनीहरूको अत्याधिक ठूलो संख्या विद्यालय बाहिर छ ।

अधिकारी (२०६६) का अनुसार असमानताको स्थितिले दलितहरूको पिडादायी जीवनलाई प्रतिविम्वित गर्दछ । बाच्नकालागि खेतियोग्य जमिन नहुनाले र अन्य क्षेत्रमा रोजगारीका अभावका कारणले दलितहरू मूलत कृषि क्षेत्रमा मोही किसान र कृषि श्रमिकका

रूपमा रहेका छन । पहाडमा खेताला, हली गोठालाहरू र तराईमा जन (खेताला), हरूवा, चरूवा, कमैयाका रूपमा क्रियाशिल छन । त्यसैगरी दलितहरूको करिव ४० प्रतिशत जनसंख्या परम्परागत जातिय सीपमूलक पेशामा संलग्न छन् तर कृषि र सीपमूलक व्यवसाय दुवैमा उनिहरू सामन्ती र अर्धसामन्ती शोषणमा परेका छन । श्रम विभाजनको माध्यमबाट दासता लादिएको वर्तमानमा पनि श्रम, सीप र कालका धनि दलितहरूको अवस्था अन्य समुदायको तुलनामा निकै कमजोर रहेको छ ।

जोजिजु (२०६८) का अनुसार दलितहरू आर्थिक रूपमा पछि पर्नमा उनिहरू स्वयम पनि केही हदसम्म जिम्मेवार रहेका कुरालाई नकार्न सकिन्न । कतिपय कुरालाई उनिहरू संयमी र विवेकपूर्ण रूपले व्यवहार गर्दा पनि अर्थिक पक्ष सुधार हुन सक्छ । आपसी कलह, परम्परागत पेशा प्रति हिनताबोध, फजुल खर्च मध्यपान गर्ने प्रवृति, बोझिलो परिवार आदि जस्ता कारणले गर्दा उनीहरू आफ्नै कारणबाट पनि गरीब बनिरहेका छन् ।

## २.२ अनुसन्धान अन्तर (Research Gap)

उपरोक्त अध्ययन कर्ताहरूमध्ये कसैले दलितहरूको आर्थिक अवस्थाको मात्र अध्ययन गरेका र कसैले दलितहरूको शैक्षिक अवस्थाको मात्रै अध्ययन गरेको पाइन्छ । इन्द्रपुर गा.वि.सका. दलितहरू बिचको आर्थिक तथा शैक्षिक असमानताको अध्ययन अहिलेसम्म कसैले नगरेको तर गर्न आवश्यक देखिएकोले यस अध्ययनलाई पूर्णता दिने प्रयास गरिएको छ ।

# अध्याय : तीन (CHAPTER : THREE)

## ३. अनुसन्धान विधि (Research Methodology)

यस अध्यायमा अध्ययनले समावेश गर्ने अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, जनसङ्ख्या र नमुना, तथ्याकका साधनहरू तथ्याङ्क संकलनका तरिकाहरू र तथ्याङ्क विश्लेषण उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अनुसन्धान व्याख्यात्मक र वर्णनात्मक ढाँचामा आधारित छ । त्यसका लागि प्राथमिक तथ्याङ्क गुणात्मक तथा परिणात्मक तरिका अन्तर्गत संकलन गरी तालिकाकरण र चित्रमा प्रस्तुत गरिएको छ । अध्ययनलाई पुरा गर्न सहायक तथ्याङ्कलाई पनि प्रयोग गरिएको छ

### ३.२ तथ्याङ्कको स्रोत (Source of data)

यस अनुसन्धानमा तथ्याङ्कहरू मुख्यतः दुई स्रोतबाट लिइएको छ। यो अध्ययन प्रमुख रुपमा प्राथमिक स्रोतमा आधारित छ। अध्ययनका स्रोतहरू यस प्रकारका छन् :

#### ३.२.१ प्राथमिक स्रोत (Primary sources)

प्राथमिक स्रोत अन्तर्गत नमूना छनौटमा समावेश दलितहरूको आर्थिक तथा शैक्षिक अवस्था सम्बन्धि तथ्याङ्क संकलन गरिएको छ । अध्ययन क्षेत्रका दुइ वटै विद्यालयबाट शैक्षिक अवस्था सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ । अध्ययन क्षेत्रको दलित जातिको वारेमा सँगै रहेर नजिकबाट बुझ्ेका व्यक्तिहरू र अन्य जानकार व्यक्तिहरूसँग अन्तर्वाता लिई सूचना संकलन गरिएको  छ।

#### ३.२.२ द्वितीय स्रोत (Secondary sources)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन द्वितीय स्रोतहरूमा सम्वन्धित क्षेत्र वा विषय सँग मिल्ने सँघ - संस्थाहरू पत्रपत्रिकामा प्रकाशित विभिन्न रिपोर्टहरू, गा.वि.स., जिल्ला विकास समिती, राष्ट्रिय दलित आयोग, स्थानिय विकास मन्त्रालय, अर्थमन्त्रालय, केन्द्रिय तथ्याङ्क विभाग आदि कार्यालयबाट प्रकाशित तथा अप्रकाशित विभिन्न बुलेटीन तथा शोध पत्रहरूबाट प्राप्त तथ्याङ्कहरू लिइने छ।

## ३.३ जनसङ्ख्या र नमूना छनौट (Population and Procedure of Sampling)

- यस शोधमा नगरउन्मूख इन्द्रपुर गा.वि.स. अन्तर्गतका सम्पूर्ण वडाहरूमा रहेका दलितको जम्मा घर सङ्ख्या ४४९ लाई यस अध्ययनको जनसंख्या मानिएको छ ।
- अध्ययन क्षेत्रमा दुई वटा विद्यालयहरू श्री सुकुना उ.मा.वि. र श्री महन्द्र मा.वि. रहेकोले दुई वटै माध्यमिक विद्यालयलाई अध्ययनको जनसंख्यामा समावेश गरिएको छ ।
- यस गा.वि.स.मा वसोवास गर्ने सम्पूर्ण दलित जातिहरूको प्रतिनिधित्व हुनेगरी कम्तीमा २० प्रतिशत जनसंख्यालाई नमूना छनौट गरि प्रश्नावली मार्फत शैक्षिक तथा आर्थिक तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययन क्षेत्रसँग जानकार व्यक्तिहरूको राय बुझ्दा २० प्रतिशत नमुना छनोट गर्दा अध्ययन क्षेत्रका सम्पूर्ण दलितहरूको प्रतिनिधित्व हुने मत रहेकोले प्रत्येक दलित जातिबाट २० प्रतिशतका दरले पर्ने गरी गोला प्रथा विधिबाट नमूना छनोट गरिएको छ । यसो गर्दा यस प्रकारको छनोट विधि समानुपातिक हुन गएको छ । र ४४९ मध्ये ९० घरपरिवार छनोट भएको थियो । जसलाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

| क्र.सं. | जात | अध्ययनको जनसङ्ख्या | नमूना छनोटको आकार |
|---|---|---|---|
| १. | कामी | १५९ | ३२ |
| २. | दमाई | १२० | २४ |
| ३. | सार्की | १०१ | २० |
| ४. | मुसहर | २३ | ५ |
| ५. | धोवी | १५ | ३ |
| ६. | बाँतर | १२ | २ |
| ७. | तत्मा/दास | १० | २ |
| ८. | डोम | ९ | २ |
| जम्मा | | ४४९ | ९० |

## ३.४ तथ्याङ्क संकलनका साधनहरू (Tools of data collecton)

अध्ययनको उद्देश्य परिपूर्तिका निम्ति अन्तर्वार्ता अनूसुची, अवलोकन मूख्य जानकार व्यक्तिसँगको अन्तर्वार्ता जस्ता साधनहरूको प्रयोग गरिएको छ । जसलाई परिशिष्टमा उल्लेख गरिएको छ ।

### ३.४.१ प्रश्नावलीहरु (Questionnaires)

अध्ययनका निम्ति आवश्यक तथ्याङ्कहरू जस्तै दलित जातिको आर्थिक, शैक्षिक अवस्था उनीहरूले अपनाएका पेशाहरू, जातिय भेदभाव हटाई समता कायम गर्ने सम्वन्धि, दलितहरूको आर्थिक तथा शैक्षिक अवस्थामा सुधार ल्याउन दलितहरूको भूमिका आदि बारेमा प्रश्नावलीको सहायताद्वारा तथ्याङ्क संकलन गरिएको छ । प्रश्नावलीलाई परिशिष्ट १, २, ३, ४ र ५ मा राखिएको छ ।

### ३.४.२ अवलोकन फारम / निर्देशिका (Observation Form)

अध्ययनको कममा दैनिक आर्थिक एवं शैक्षिक गतिविधीमा दलित जातिहरूको सहभागिता, असमानता, दलित जातिहरूको आर्थिक एवं शैक्षिक कृयाकलापसँग सम्वन्धित वास्तविक तथ्य पत्ता लगाउने उद्देश्यले प्रश्नावलीबाट समेटिन नसकेका तथ्याङ्कहरू अवलोकनको फारम माध्यमबाट संकलन गरिएको छ । यसलाई परिशिष्ट ६ मा राखिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका तरिकाहरू (Method of Data Collection)

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्कहरु मुख्य दुई तरिकाबाट सङ्कलन गरिएको छ :

### ३.५.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनका लागि आवश्यक आर्थिक तथा शैक्षिक तथ्याङ्क प्रश्नावलीको माध्यमबाट अन्तर्वाता लिई सङ्कलन गरिएको छ । जसलाई परिशिष्ट २,३,४,५ मा राखिएको छ ।

### ३.५.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनमा अन्तर्वार्ताबाट सङ्कलन हुन नसकेका तथ्याङ्कहरू प्रत्यक्ष अवलोकनबाट सङ्कलन गरिएको छ । जसलाई पशिशिष्ट ६ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण (Data Analysis)

तथ्याङ्क संकलन विधिबाट प्राप्त सूचनाहरूलाई विश्लेषण गर्न विभिन्न तथ्याङ्कीय विधि प्रयोग गरी तथ्याङ्कलाई उद्देश्य अनुरूपको ढाँचामा सांकेतिकरण तथा रेखाचित्रमा प्रस्तुत गरि वर्णनात्मक किसिमले व्याख्या तथा विश्लेषण गरिएको छ ।

# अध्याय : चार (CHAPTER : FOUR)

## ४. अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area)

### ४.१ मोरङ जिल्लाको परिचय (Introduction of Morang District)

पूर्वाञ्चल विकास क्षेत्रको प्रसिद्ध जिल्लाको रूपमा मोरङ जिल्लालाई चिनिन्छ । सामुद्रिक सतहदेखि करिब ६० मिटर २४१० मिटरसम्मको उचाइमा रहेको यो जिल्लाको क्षेत्रफल १८५५ वर्ग किलोमिटर छ । अक्षांस र देशान्तरका हिसाबले यो जिल्ला २६°२०' उत्तरी अक्षांसदेखि २६°२३' उत्तरी अक्षांससम्म र ८७°१६' पूर्वी देशान्तरदेखि ८७°४१' पूर्वी देशान्तरसम्म फैलिएको छ । पूर्व-पश्चिम औसत लम्बाइ करिब ४६ कि.मि. रहेको यो जिल्लाको पूर्वमा झापा र इलाम (मावा खोला), पश्चिममा सुनसरी (बुढि र केसलिया खोला), उत्तरमा धनकुटा र पाँचथर र दक्षिणमा भारतको विहार पर्दछ । अधिकांश समथर जमिन रहेको यो जिल्लामा १ उपमहानगरपालिका र ६६ वटा गा.वि.स. रहेका छन् जस अनुसार पहाडी गा.वि.स. ८, भावर गा.वि.स. ३ र तराई गा.वि.स. ५४ वटा रहेको छन् ।

पूर्वाञ्चलका १६ वटा जिल्लामध्ये सबैभन्दा बढी जनसङ्ख्या रहेको यो जिल्लाको कुल जनसङ्ख्या ९,६५,३७० रहेको छ । जसमा महिलाको जनसङ्ख्या ४,९८,६५८ र पुरूषको जनसङ्ख्या ४,६६,७१२ रहेको छ । नेपालको कुल जनसङ्ख्यामा यो जिल्लाको जनसङ्ख्या ३.६४% रहेको छ । वार्षिक जनसङ्ख्या वृद्धि दर १.३५ प्रतिशत रहेको छ । जनघनत्व ५२० प्रतिको कि.मि. रहेको यो जिल्लाको सहरी जनसङ्ख्या २१.२३ प्रतिशत र ग्रामिण जनसङ्ख्या ७८.७७ प्रतिशत रहेको छ । १४ वर्ष वा सो भन्दा मुनिका आश्रित बालबालिकाको जनसङ्ख्या ५२.२२ प्रतिशत छ भने ६० वर्ष वा सो भन्दा माथिका आश्रित वृद्धावृद्धहरूको जनसङ्ख्या १३.६९ प्रतिशत रहेको छ । आदिवासी जनजातिको जनसङ्ख्या ३,९३,९५२ र दलित जातिको जनसङ्ख्या १,१०,४५५ रहेको छ ।

स्वास्थ्य सुविधाका दृष्ट्रिकोणले यो जिल्लालाई सुविधाजनक जिल्लाको रूपमा हेरिन्छ । यो जिल्लामा सरकारी अस्पताल २ वटा, प्राथमिक स्वास्थ्य केन्द्र ७ वटा, स्वास्थय चौकी ३४ वटा, उप-स्वास्थ्य चौकी २६ वटा, गाँउघर क्लिनिक २४९ वटा, निजी स्वास्थ्य संस्था २९ वटा र स्वास्थ्य सम्बन्धि गैर सरकारी संस्था १२ वटा रहेका छन् । शैक्षिक

हिसाबले मोरङ जिल्लालाई पूर्वाञ्चल विकास क्षेत्रको शैक्षिक केन्द्रको रूपमा लिइन्छ । यो जिल्लाको कुल साक्षरता ७०.६३ प्रतिशत रहेको छ । यो जिल्लामा सामुदायिक तर्फ प्राथमिक ३३०, निम्न माध्यमिक ७० र माध्यमिक १३९ विद्यालयहरू रहेको छन् भने निजी तर्फ प्राथमिक १२०, निम्न माध्यमिक ४५, माध्यमिक १५६ र उच्च माध्यमिक २२ विद्यालयहरू रहेका छन् ।

मोरङ जिल्लामा कृषि सेवा केन्द्र ४ वटा, पशु सेवाकेन्द्र ६ वटा, पशुसेवा उप-केन्द्र ११ वटा, कृषि सम्पर्क केन्द्र ३ वटा, हस्तान्तरणीय सामुदायिक वन ७४ वटा रहेका छन् । एक क्षेत्रीय हुलाक कार्यालय रहेको यो जिल्लामा इलाका हुलाक कार्यालय १७ वटा, अतिरिक्त हुलाक कार्यालय, ५१ वटा केवल नेटवर्क र १५ वटा एफ एम रेडियो सञ्चालित छन् (जिल्ला पार्श्वचित्र मोरङ २०७०) ।

## ४.२ इन्द्रपुर गा.वि.स.को परिचय (Introduction of Indrapur VDC)

मोरङ जिल्लाको सदरमुकाम बिराटनगरदेखि करिब २६ कि.मी. उत्तरमा अवस्थित इन्द्रपुर गा.वि.स.को पूर्वमा बेलबारी गा.वि.स., पश्चिममा मृगौलिया गा.वि.स., उत्तरमा चारकोसे जङ्गल र केरावारी गा.वि.स. र दक्षिणमा हरैंचा गा.वि.स. रहेको छ । पूर्व पश्चिम महेन्द्र राजमार्ग करिब मध्य भाग भएर जाने यो गा.वि.स. द्रूत गतिमा सहरीकरण भइरहेको नगरोन्मुख गाविस हो । यस गाविसको कुल जनसङ्ख्या २६,१४२ रहेको छ भने घरधुरी सङ्ख्या ५,१०३ छन् र परिवार सङ्ख्या ५,२७५ छन् । यो गाविस सामाजिक, आर्थिक र शैक्षिक पक्षमा निकै अगाडि फड्को मार्दै मोरङ जिल्लाको समग्र सामाजिक, आर्थिक विकास सूचाङकमा ५औं स्थानमा रही व्यापारिक सहरको रूपमा विकास हुदै गइरहेको छ (मोरङ जिल्लाको पार्श्वचित्र, २०७०) ।

समथर भौगोलिक बनावट रहेको यस गाविसमा १३३५ हेक्टर जमिन सञ्चित छ । करिब ५७३६ हेक्टर जमिनमा जङ्गल रहेको छ । अधिकांश जमिन सहरीकरण अन्तर्गत घडेरी प्लटिङमा गएकोले असञ्चित भूमि विवरण यकिन गर्न सकिएको छैन । जातीय विविधता रहेको यो गाविसमा धार्मिक तथा साँस्कृतिक विविधता समेत विद्यमान छ ।

## ४.३ जनसाङ्ख्यिक अवस्था (Demographic Condition)

इन्द्रपुर गाविसमा विभिन्न जातजातिको बसोबास रहेको पाइन्छ । जातीय दृष्टिकोणले यो गाविसमा क्षेत्री, ब्राहमण, राई, नेवार, चौधरी, लिम्बु, मुसलमान, तामाङ, दनुवार, कामी, दमाइ, सार्की, आदि बसोबास गर्दछन् । भाषागत रूपमा क्षेत्री, ब्राहमण, कामी, दमाइ, सार्की, सन्यासी भुजेल, जोगी, ठकुरी, आदि जातिले मातृभाषाको रूपमा नेपाली भाषा बोल्दछन् भने बाँकी जनजातिहरूको आफ्नो मातृभाषा भएकोले आफ्नै मातृभाषा बोल्दछन् (स्रोत : गाविसको पार्श्वचित्र २०६८) ।

लैङ्गिक रूपमा देशको समग्र जनसङ्ख्या सम्बन्धी तथ्याङ्क हेर्दा इन्द्रपुर गाविसको तथ्याङ्क ठीक उल्टो देखिन्छ । अर्थात यहाँ महिलाभन्दा पुरूषको जनसङ्ख्या बढी देखिन्छ । जसलाई तलको तालिकाबाट पूष्टि गर्न सकिन्छ ।

**तालिका ४.१**

**इन्द्रपुर गा.वि.स.को वडागत जनसङ्ख्या र घरपरिवार सङ्ख्या, २०६८**

| वडा नं. | पुरूष | महिला | जम्मा जनसङ्ख्या | घरपरिवार सङ्ख्या |
|---|---|---|---|---|
| १ | १४३९ | १३७० | २८०९ | ६०४ |
| २ | ८२० | ७४७ | १५६७ | ३१३ |
| ३ | २८३९ | २६२३ | ५४६२ | १२३९ |
| ४ | १९६२ | १८९७ | ३८५९ | ७७९ |
| ५ | १२४१ | ११६० | २४०१ | ४२३ |
| ६ | १४९८ | १३९६ | २८९४ | ५३९ |
| ७ | १०७६ | १०३९ | २११५ | ४१२ |
| ८ | १५५४ | १४८८ | ३०४२ | ५९२ |
| ९ | १०११ | ९८२ | १९९३ | ३७४ |
| **जम्मा** | १३४४० | १२७०२ | २६१४२ | ५२७५ |

स्रोत : इन्द्रपुर गाविसको पार्श्वचित्र, (२०६८) ।

तालिका ४.१ मा इन्द्रपुर गा.वि.स.को वडागत जनसङ्ख्या र घरपरिवार सङ्ख्या प्रस्तुत गरिएको छ । उक्त तालिकाअनुसार इन्द्रपुर गाविसको कुल जनसङ्ख्या २६१४२ जना मध्ये पुरूषको जनसङ्ख्या १३४४० र महिलाको जनसङ्ख्या १२७०२ रहेको छ । यस तथ्याङ्कलाई हेर्दा महिलाको तुलनामा पुरूषको जनसङ्ख्या बढी देखिन्छ । त्यस्तै गरी वडागत रूपमा घरपरिवार सङ्ख्या हेर्दा सबैभन्दा बढी घरपरिवार सङ्ख्या वडा नं. ३ मा १२३९ जना र सबैभन्दा कम घरपरिवार सङ्ख्या वडा नं. २ मा ३१३ जना रहेको देखिन्छ ।

जातीय बनावटका आधारमा इन्द्रपुर गाविसको जनसङ्ख्या वितरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२**
**जातीय बनावटका आधारमा इन्द्रपुर गाविसको जनसङ्ख्या वितरण, २०६८**

| क.सं. | जातजाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ५८५८ | २२.४१ |
| २ | ब्राहमण | ५७८८ | २२.१४ |
| ३ | राई | १८२० | ६.९६ |
| ४ | नेवार+कुमाल | १८०३ | ६.९० |
| ५ | चौधरी | १६५० | ६.३३ |
| ६ | लिम्बु | १०५८ | ४.०५ |
| ७ | मुसलमान | ८८२ | ३.३७ |
| ८ | तामाङ | ८१९ | ३.१३ |
| ९ | दनुवार | ८०२ | ३.०७ |
| १० | कामी | ७३१ | २.८० |
| ११ | दमाइ | ५५४ | २.१२ |
| १२ | उरावँ/झागड | ५५० | २.१० |
| १३ | मगर | ४४९ | १.७२ |
| १४ | सार्की | ४३३ | १.६६ |
| १५ | खवास | ४०८ | १.५६ |
| १६ | सन्यासी | २९७ | १.१४ |
| १७ | धिमाल | २८८ | १.१० |
| १८ | तेली | २५२ | ०.९६ |
| १९ | भुजेल | २२९ | ०.८८ |

| | | | |
|---|---|---|---|
| २० | मण्डल/कावेरी | २२१ | ०.८५ |
| २१ | गुरूङ | १८१ | ०.६९ |
| २२ | बङ्गाली | १७३ | ०.६६ |
| २३ | माझी (पहाडी) | १२७ | ०.४९ |
| २४ | मुसहर | १०६ | ०.४१ |
| २५ | राजधामी | १०६ | ०.४१ |
| २६ | धोबी/मधेसी | ८९ | ०.३४ |
| २७ | वाँहर | ५५ | ०.२१ |
| २८ | शेर्पा | ५४ | ०.२१ |
| २९ | हजाम | ५४ | ०.२१ |
| ३० | जोगी | ५२ | ०.२० |
| ३१ | ठकुरी | ४४ | ०.१७ |
| ३२ | राजवंशी | २९ | ०.११ |
| ३३ | यादव | २० | ०.११ |
| ३४ | सतार | २० | ०.११ |
| ३५ | बढीशर्मा | २० | ०.११ |
| ३६ | डोम | १७ | ०.०७ |
| ३७ | दास/तत्मा | १७ | ०.०७ |
| ३८ | कायस्थ | १४ | ०.०५ |
| ३९ | याख्या | १३ | ०.०५ |
| ४० | सुनार | ११ | ०.०४ |
| ४१ | मारवाडी | ८ | ०.०३ |
| ४२ | राय/राजपुत | ८ | ०.०३ |
| ४३ | पोदार | ६ | ०.०२ |
| ४४ | मोदी | ६ | ०.०२ |
| ४५ | हलुवाइ | ४ | ०.०२ |
| ४६ | ताजपुरिया | ४ | ०.०२ |
| ४७ | झा | ४ | ०.०२ |
| ४८ | थामी | २ | ०.०१ |
| जम्मा | | २६१४२ | १०० |

स्रोत : इन्द्रपुर गाविसको पार्श्वचित्र, (२०६८)।

तालिका ४.२ मा जातीय बनावटका आधारमा इन्द्रपुर गाविसको जनसङ्ख्या वितरणलाई प्रस्तुत गरिएको छ जसअनुसार सबैभन्दा बढी जनसङ्ख्या क्षेत्री जातिको

५८५८ जना (२२.४१ प्रतिशत) रहेको छ । त्यस्तै गरी दोस्रो स्थानमा ब्राहमण जातिको जनसङ्ख्या ५७८८ जना (२२.१४ प्रतिशत) रहेको छ भने तेस्रो स्थानमा राई जातिको जनसङ्ख्या १८२० जना (६.९६ प्रतिशत) रहेको छ । यहाँ ३१ वटा जातजातिको जनसङ्ख्या अत्यन्त न्युन (१ प्रतिशत भन्दा कम) रहेको छ । ती मध्ये सबैभन्दा कम जनसङ्ख्या लोपोन्मुख थामी जाति रहेको देखिन्छ । उक्त जातिको जनसङ्ख्या २ जना मात्र रहेको छ ।

## ४.४ आर्थिक अवस्था (Economic Status)

नेपाल एक कृषि प्रधान देश भएता पनि इन्द्रपुर गा.वि.स. यसको ठीक विपरित अवस्थामा रहेको छ । भौतिक सुविधाहरू जस्तै महेन्द्र राजमार्गले इन्द्रपुर गा.वि.स.को भूगोलमा ३.६ कि.मी. दुरी समेट्नु, विराटचोकबाट विराटनगर सदरमुकाम जोड्ने कालोपत्रे सडक हुनु, पूर्वाञ्चलमा नै प्रसिद्ध स्नातकोत्तर तह सम्मको विविध विषय तथा संकायको पढाइ हुने श्री सुकुना बहुमुखी क्याम्पस हुनु र साना सहरी पूर्वाधारहरूको विकास भई नगरोन्मुख गाविसको रूपमा इन्द्रपुर गाविस रहेको तथा मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं. ८ को केन्द्रविन्दु भएकोले यो गाविस अर्धसहरी क्षेत्रको रूपमा विकास भएको छ । त्यसैले यहाँ गैह्रकृषि कपेशाको बाहुल्य रहेको छ । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका. ४.३**

**इन्द्रपुर गाविसको पेशागत विवरण, २०६८**

| क्र.सं. | पेशा | प्रतिशत |
|---|---|---|
| १ | विद्यार्थी | ३६.६८ |
| २ | गृहिणी | २२.८१ |
| ३ | कृषि | १०.२९ |
| ४ | ज्यालादारी | ९.६९ |
| ५ | वैदेशिक रोजगार | ७.७६ |
| ६ | व्यापार | ५.३१ |
| ७ | जागिर | ४.२० |
| ८ | वेरोजगार | १.४४ |
| ९ | अन्य | १.६३ |
|  | जम्मा | १०० |

स्रोत : गाविसको पार्श्वचित्र, (२०६८) ।

तालिकामा ४.३ मा इन्द्रपुर गाविसको पेशागत विवरण प्रस्तुत गरिएको छ । जसअनुसार ५ वर्षदेखि माथिको जनसंख्यालाई पेशागत रूपमा विभाजन गर्दा सबैभन्दा बढी ३६.६८ प्रतिशत विद्यार्थीहरू रहेको पाइयो भने दोस्रो स्थानमा सामान्य घरायसी गृहिणी पेशा रहेका महिलाहरू २२.८१ प्रतिशत रहेको देखिन्छ । तेस्रो स्थानमा मात्र कृषि पेशा रहेको छ । यहाँ करिब १०.२९ प्रतिशत मानिसहरूले मात्र कृषि पेशा अपनाएको देखिन्छ ।

इन्द्रपुर गाविसमा बसोबास गर्ने मानिसहरूले अन्य गाविसमा बसोबास गर्ने मानिसहरूले जस्तै आफ्ना घरमा उपयोगी घरपालुवा पशुपंक्षीहरू पालेको पाइन्छ । यहाँ पालिएका पशुपंक्षिहरूको विवरण निम्नअनुसार छ ।

**तालिका ४.४**

**इन्द्रपुर गाविसका घरपालुवा पशुपंक्षी विवरण,२०६८**

| क्र.सं. | पशुपंक्षी | पाल्नेको परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गाई/गोरू | २२८२ | २४.९० |
| २ | भैसी/राँगा | ७५० | ८.१९ |
| ३ | खसी/बाखा | २७५१ | ३०.०२ |
| ४ | सुगुर/बंगुर | ९८५ | १०.७५ |
| ५ | परेवा/हाँस/कुखुरा | २३९७ | २६.१५ |
| | जम्मा | ९१६५ | १०० |

(स्रोतः गाविसको पार्श्व चित्र २०६८

माथिको तालिका ४.४ मा अनुसार इन्द्रपुर गाविसमा इन्द्रपुर गाविसका घरपालुवा पशुपंक्षी विवरण प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार इन्द्रपुर गा.वि.समा बसोबास गर्ने मानिसहरू विभिन्न पेशामा आवद्ध भएता पनि आफ्नो नीजि घर भएका व्यक्तिहरूले गाई, गोरू, भैसी, राँगा, बंगुर सुँगुर तथा कुखुरा परेवा आदि पाल्ने गरेको देखिन्छ । जसमध्ये खसीबाखा पाल्ने घरपरिवारको संख्या सबैभन्दा बढी २९७१ (३०.०२%) रहेको छ । दोस्रो स्थानमा भने कुखुरा हाँस तथा परेवा पाल्ने घरपरिवारको संख्या २३९७ (२६.१५%) रहेको छ । त्यस्तै गरी गाई-गोरू, पाल्ने घरपरिवारको संख्या २२८२ (२४.९०%) रहेको छ भने सबैभन्दा कम भैसी-राँगा पाल्ने घर परिवारको संख्या ७५० (१०.७५%) रहेको छ ।

इन्द्रपुर गाविसका बासिन्दाहरू विभिन्न व्यवसायहरूमा संलग्न भई अर्थ उपार्जन गर्ने गरेका छन् ।

इन्द्रपुर गाविसमा सञ्चालित व्यवसायको विवरण निम्नानुसार छ ।

| क.सं. | व्यवसायको नाम | संख्या | क.सं. | व्यवसायको नाम | संख्या |
|---|---|---|---|---|---|
| १ | किराना पसलहरू | ५८ | २२ | फर्निचर उद्योगहरू | २५ |
| २ | होटल व्यवसाय | २९ | २३ | कुखुराका चल्ला अण्डा तथा आहारा विक्रि केन्द्र | ४ |
| ३ | ज्वेलर्सहरू | १० | २४ | सब्जी पसलहरू | ६ |
| ४ | पुस्तक पसलहरू | ९ | २५ | घडि, रेडियो, टिभी विक्रि केन्द्र | ५ |
| ५ | मेडिकल हलहरू | ८ | २६ | कृषि सम्बन्धी मलविउ विक्रि केन्द्र | ५ |
| ६ | कपडा पसलहरू | १८ | २७ | कपडा सिलाइ टेलरिङ हाउसहरू | ४९ |
| ७ | मिलमेसिनरी तथा हार्डवेयर | ८ | २८ | शैलुनहरू | ११ |
| ८ | साइकल तथा मोटर साइकल विक्रिकेन्द्र | १० | २९ | विरूवा उत्पादन तथा विक्रि केन्द्र (नर्सरी) | २ |
| ९ | कोल्ड ड्रिङ्स सेन्टर | ५ | ३० | टायर मर्मत केन्द्र | १ |
| १० | कस्मेटिक तथा व्यटिपार्लर | १२ | ३१ | ग्लास हाउस | ५ |
| ११ | साना मझौला, तथा ठूला उद्योग | २७ | ३२ | टेन्ट हाउस | ४ |
| १२ | कम्युनिकेसन सेन्टरहरू | ४ | ३३ | मनि ट्रान्सफर | ११ |
| १३ | इलेक्ट्रोनिक्स पसलहरू | ८ | ३४ | मोवाइल विक्रि तथा मर्मत केन्द्र | ३ |
| १४ | पान पसलहरू | ६ | ३५ | कम्प्युटर सेन्टर | ७ |
| १५ | पशुउपचार सेवा केन्द्रहरू | ७ | ३६ | मोटरसाइकल विक्रि सो रूम | २ |
| १६ | फोटो स्टुडियोहरू | ७ | ३७ | व्यानर तथा साइनवोर्ड लेख्ने | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | जुत्ताचप्पल विक्रिकेन्द्रहरू | ७ | ३८ | कुखुरापालन (पोल्ट्री फर्म) | १० |
| १८ | मिटहाउस (खसी, कुखुरा) | ८ | ३९ | धान कुटानी पिसानी समेतका साना उद्योगहरू | १७ |
| १९ | खाद्यान्न विक्रि सहितका किराना पसलहरू | १९ | ४० | डिपार्टमेन्टल स्टोर्स | ३ |
| २० | छापाखाना (स्क्रीन प्रिन्ट) | ३ | ४१ | विविध प्रकारका पसलहरू | १४ |
| २१ | धातुका सामान (भाडा) पसलहरू | ६ | | | |

**इन्द्रपुर गाविसका प्रमुख उद्योगहरू**

**क) खाद्य उत्पादन तथा विक्रि उद्योग**

अ) श्री राधाकृष्ण लघु उद्योग, इन्द्रपुर-२,खोर्सानेे

आ) श्री महालक्ष्मी लघु उद्योग, इन्द्रपुर-३, हरैँचामोड

इ) श्री ओमसाइ पाथिभरा लघुउद्योग, इन्द्रपुर-४, शान्तिटोल

**ख) अन्य उद्योगहरू**

अ) पूर्वाञ्चल ल्यूव आयल (PLO) प्रा.लि., इन्द्रपुर-५, आदर्शटोल

आ) राधाकृष्ण कृषि औजार प्रा.लि., इन्द्रपुर-३, बुधबारे

इ) ट्रक, ट्याक्टर, बस, मर्मत ग्यारेज इन्द्रपुर-८, बुधबारे

ई) चाँदनी आयल स्टोर्स प्रा.लि., इन्द्रपुर-९,

उ) ओस्कर इन्डष्ट्रिज प्रा.लि., इन्द्रपुर-९

**ग) दुग्ध उत्पादन तथा विक्रि केन्द्रहरू**

अ) सलकपुर दुग्ध उत्पादन सहरकारी संस्था लि. इन्द्रपुर-८,बुधबारे (संस्थागत)

आ) बेलेपुर दुग्ध उत्पादक सहकारी संस्था लि. इन्द्रपुर-७, बेलेपुर (संस्थागत)

इ) दुग्ध उत्पादन सहकारी संस्था लि. इन्द्रपुर-६, शुक्रबारे (संस्थागत)

ई) न्यू सुकुना दुग्ध उत्पादन सहकारी संस्था लि. इन्द्रपुर-४ (संस्थागत)

उ) सेवक दुग्ध उत्पादन सहकारी संस्था लि. इन्द्रपुर-३, विराटचोक (संस्थागत)

ऊ) ओम दुध डेरी सहकारी संस्था लि. इन्द्रपुर-३, विराटचोक (संस्थागत)

(स्रोत : गाविसको पार्श्व चित्र २०६८) **इन्द्रपुर गाविसमा सञ्चालित वित्तिय संस्थाहरू ( बैङ्किङ कारोबार समेत) निम्न अनुसार** छन्:

१. कृषि विकास बैङ्क इन्द्रपुर-४, विराटचोक

२. विराटलक्ष्मी विकास बैङ्क इन्द्रपुर-८, विराटचोक (निजी)

३. मितेरी डेभलपमेन्ट बैङ्क इन्द्रपुर-८, विराटचोक (निजी)

४. स्वावलम्बन लधुवित्त विकास बैङ्क इन्द्रपुर-३, विराटचोक शाखा कार्यालय (निजी)

५. निर्धन बैङ्क इन्द्रपुर-३, विराटचोक (निजी)

६. नेरूडे लधुवित्त विकास बैङ्क उपशाखा इन्द्रपुर-८, विराटचोक (निजी) । (स्रोत : गाविसको पार्श्व चित्र, २०६८)

**इन्द्रपुर गाविसमा सञ्चालित सहकारी संस्थाहरूको अवस्था निम्नानुसार रहेको छ।**

१. बहुउद्देश्यीय सहकारी संस्थाहरू -१० वटा

२. बचत तथा ऋण सहकारी संस्थाहरू २७ वटा

३. व्यापारिक प्रकृतिका सहकारी संस्थाहरू -८ वटा

(स्रोत : गाविसको पार्श्व चित्र, २०६८)

## ४.५ शैक्षिक अवस्था (Educational Status)

शिक्षा क्षेत्रमा इन्द्रपुर गाविस अगाडि रहेको देखिन्छ । कुल जनसङ्ख्याको करिब ८५.०५ प्रतिशत मानिस साक्षर हुनुले यसलाई पूष्टि गर्दछ । (गाविसको पार्श्वचित्र २०६८) इन्द्रपुर गाविसमा सार्वजनिक विद्यालयहरू जम्मा १० वटा रहेका छन् । जसमध्ये १ उच्च मा.वि., १ मा.वि., २ नि.मा.वि. र बाँकी ६ वटा प्रा.वि. रहेका छन् । त्यस्तै गरी यस गाविसमा १२ वटा निजी विद्यालयहरू सञ्चालित छन् । जसमध्ये १ उच्च मा.वि., ५ मा.वि., २ नि.मा.वि. र ४ वटा प्रा.वि. रहेका छन् । उच्च शिक्षाका लागि पनि अर्ध-सरकारी रूपमा स्नाकोत्तरसम्म अध्ययन हुने पूर्वाञ्चलभरी प्रसिद्ध एउटा क्याम्पस रहेको छ ।

अध्ययन क्षेत्रमा सञ्चालित सार्वजनिक, निजी तथा अन्य शिक्षण संस्थाहरू यस प्रकार रहेका छन् ।

**सार्वजनिक विद्यालयहरू**

| | |
|---|---|
| १. श्री सुकुना उ.मा.वि. | इन्द्रपुर-३ |
| २. श्री महेन्द्र मा.वि. | इन्द्रपुर-६ (शुक्रवारे) |
| ३. श्री जनता नि.मा.वि. | इन्द्रपुर-८ (बुधवारे) |
| ४. श्री हिमालय नि.मा.वि. | इन्द्रपुर-७ (बेलेपुर) |
| ५. श्री विपी प्रा.वि. | इन्द्रपुर-५ |
| ६. श्री जुडी प्रा.वि. | इन्द्रपुर-७ |
| ७. श्री राम प्रा.वि. | इन्द्रपुर-९ |
| ८. श्री चण्डेश्वरी प्रा.वि. | इन्द्रपुर-३ |
| ९. श्री बाघझोडा गणतान्त्रिक प्रा.वि. | इन्द्रपुर-१ |
| १०. श्री मदरसा सेराजुल उलुम प्रा.वि | इन्द्रपुर-५ |

**निजी विद्यालयहरू**

| | |
|---|---|
| १. श्री सुविजिमुर मेमोरियल उ.मा.वि | इन्द्रपुर-४ |
| २. श्री सिद्धार्थ सेकेन्डरी इङ्गलिस स्कुल | इन्द्रपुर-१ |
| ३. श्री द राइजिङ सेकेन्डरी इङ्गलिस स्कुल | इन्द्रपुर-३ |
| ४. श्री नमुना सेकेन्डरी इङ्गलिस स्कुल | इन्द्रपुर-४ |
| ५. श्री बालप्रतिभा सेकेन्डरी इङ्गलिस स्कुल | इन्द्रपुर-१ |
| ६. श्री श्रद्धा सेकेन्डरी इङ्गलिस स्कुल | इन्द्रपुर-८ |
| ७. श्री त्रिवेणी लोयर सेकेन्डरी इङ्गलिस स्कुल | इन्द्रपुर-३ |
| ८. श्री सरस्वती इङ्गलिस बोर्डिङ स्कुल | इन्द्रपुर-७ |
| ९. श्री इन्द्रपुर प्राइमरी इङ्गलिस स्कुल | इन्द्रपुर-८ |

१०. श्री ओरिजिन प्राइमरी स्कुल इन्द्रपुर-४

११. श्री जित अपाङ्ग आश्रम इन्द्रपुर-४

१२. श्री कालिदेवी प्राइमरी इङ्गलिस स्कुल इन्द्रपुर-८

**उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था**

श्री सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर-४,

स्रोत : इन्द्रपुर गा.वि.स.को पार्श्वचित्र, (२०६८)

## ४.६ स्वास्थ्य तथा खानेपानीको अवस्था (Situation of Health and Drinking Water)

इन्द्रपुर गाविसमा अझै पनि सरकारी क्षेत्रबाट गुणस्तरीय स्वास्थ्य सुविधाहरू उपलब्ध हुनसकेको छैन । त्यसैगरी अशिक्षा, अज्ञानता, रूढीबादीपन आदिका कारण बिरामी हुँदा धामी-झाक्री प्रयोग गर्ने प्रचलन वियमान छ । गाविस भित्र खुलेका उप-स्वास्थ्य चौकी लगायत निजी स्वास्थ्य संस्थामा समेत उपचार गराउने प्रचलन रहेको छ । जुनकुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका ४.५**

**इन्द्रपुर गाविसका घरपरिवारले स्वास्थ्य सुविधा लिने ठाउँको विवरण,२०७०**

| क.सं. | स्वास्थ्य सुविधा लिने ठाउँ | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निजी क्लिनिक | ३३१४ | ३३.३६ |
| २ | अस्पताल | ३०१८ | ३०.५७ |
| ३ | नर्सिङ होम | ६६४ | ६.७२ |
| ४ | धामी झाक्री | २८७८ | २९.१५ |
| जम्मा | | ९८७४ | १०० |

स्रोत : इन्द्रपुर गा.वि.स.को पार्श्वचित्र, (२०६८) ।

माथिको तालिकाको अध्ययन गर्दा इन्द्रपुर गाविसमा बसोबास गर्ने जम्मा घरपरिवार ५२७५ मध्ये आफू वा आफ्नो परिवारको सदस्य बिरामी हुँदा उपचार गर्न जाने ठाउँको तालिका हेर्दा ३३१४ परिवार अर्थात ३३.३६ प्रतिशत परिवारले निजी क्लिनिकमा सामान्य

उपचार गराउन जाने गरेको देखिए भने महङ्गो नर्सिङ होममा जाने घरपरिवारको सङ्ख्या ६६४ अर्थात ६.७२ प्रतिशत मात्र देखिन्छ । अन्य बाँकी परिवारहरू धामी झाक्री र सरकारी अस्पतालमा उपचार गराउँछन् । धेरैजसो घरपरिवारले सुरूमा धामी झाक्री सँगै निजी क्लिनिकमा उपचार गराउने र पछि अस्पताल पनि जाने भएकोले दोहोरो पर्न गई घरपरिवार सङ्ख्या भन्दा सेवा लिने परिवारको सङ्ख्या बढीरहेको देखिन्छ ।

इन्द्रपुर गाविसका अधिकांश मानिसहरू खानेपानीको मुख्य स्रोतको रूपमा ट्युवेलको प्रयोग गर्दछन् । खानेपानी लागि योग्य मानिने धाराको प्रयोग गर्ने मानिसको सङ्ख्या न्युन छ । खानेपानीको प्रयोगको प्रतिशतलाई हेर्दा ट्युवेल प्रयोग गर्ने घरपरिवार ९४.०४ प्रतिशत रहेको छ भने ५.९६ प्रतिशत घरपरिवारले मात्र धाराको पानी प्रयोग गर्ने गरेको पाइन्छ ।

स्रोत : इन्द्रपुर गा.वि.स.को पार्श्वचित्र, (२०६८)

## ४.७ यातायात, सञ्चार तथा उर्जाको अवस्था (Situation of Transportation, Communication and Energy)

इन्द्रपुर गाविसमा महेन्द्रमार्ग (३.६ कि.मी) सहित जम्मा १०.६५ कि.मी सडक कालो पत्रे भएको छ । त्यस्तै गरी यस गाविसका ९वटै वडामा लामो तथा छोटो दुरीका १८५ सडकहरू रहेकोमा करिव ८० प्रतिशत सडकहरू पूर्ण ग्राभिल भएको छ । (स्रोत : गा.वि.स.को पार्श्वचित्र,२०६८)

महेन्द्र राजमार्गका साथै बिराटचोक-बिराटनगर सडक समेत जोडिएको हुनाले यस क्षेत्रमा यातायातको राम्रो सुविधा छ । यातायातको मुख्य साधनका रूपमा यहाँ साइकल, मोटर साइकल, ट्याक्टर, पावरटेलर, ट्रक, बस र माइक्रोबस आदि प्रयोग गर्ने गरिएको छ ।

यातायातको सुबिधा जस्तै यहाँ सञ्चारको पनि राम्रो विकास भएको छ । सरकारी स्तरको एउटा अतिरिक्त हुलाक मात्र भए पनि यहाँ ल्याण्डलाइन फोन, मोबाइल फोन, रेडियो, टिभी, केवल, इमेल, इन्टरनेट आदि माध्यमबाट संसारका विभिन्न ठाउँमा घटेका घटनाहरू सजिलै जानकारी प्राप्त गर्न सकिन्छ । सञ्चारको लोकप्रिय माध्यमका रूपमा मोबाइल नेटवर्कका टावरहरू यहाँ उपलब्ध छन् । यहाँ नेपाल टेलिकम, एनसेल, युटिएल आदि मोबाइल प्रदायक संस्थाहरूले गाविस भरिनै प्रभावकारी रूपमा सेवा प्रदान गरेका छन् ।

त्यस्तै गरी इन्द्रपुर गा.वि.स.का सबै वडाहरूमा विद्युत सेवा उपलब्ध भएता पनि करिब ९५ प्रतिशत परिवारले विद्युत सेवा उपभोग गरेको पाइन्छ । खाना पकाउने उर्जाको रूपमा ६०.९८ प्रतिशत परिवारले दाउरा प्रयोग गर्ने गर्दछन् भने २६.९९ प्रतिशत मानिसहरू खाना पकाउन एल.पि. ग्यासको प्रयोग गर्ने गर्दछन् । खाना पकाउन बिजुली, गोबर ग्याँस र स्टोभ प्रयोग गर्ने परिवारको सङ्ख्या क्रमश : ७.४६, ४.५ र ०.०६ प्रतिशत रहेको छ ।

स्रोत : गाविसको पार्श्वचित्र, (२०६८) ।

# अध्याय : पाँच (CHAPTER : FIVE)

## ५. तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण (Presentation and Analysis of Data)

**अध्ययन क्षेत्रका दलित घरपरिवारको जनसाङ्ख्यिक, आर्थिक तथा शैक्षिक विशेषताहरू (Demographic, Economic and Educational Characteristics Of Dalit Family in the Study Area)**

यस अध्यायमा अध्ययन क्षेत्रमा भएका दलितहरूमध्येबाट नमूना छनौट गरी नमूनामा समावेश दलितहरूको जनसङ्ख्यिक आर्थिक तथा शैक्षिक विशेषताहरूको विश्लेषण गरिएको छ । जनसङ्ख्यिक विशेषता अर्न्तगत दलितहरूको जातजतिको आधारमा जनसंख्याको वितरण,उमेर र लिङ्गको आधारमा जनसंख्याको वितरण, परिवारको आकार छन । आर्थिक विशेषता अर्न्तगत पेशा व्यवसाय, भूमिको वितरण, पशुपालन, खाद्यन्नको पर्याप्तता, बार्षिक आय-व्ययको स्थितिलाई समावेश गरिएको छ । शैक्षिक विशेषता अर्न्तगत दलित जातिको शैक्षिक स्थिति, दलित बालवालिकाहरूको शैक्षिक अवस्था, विद्यालय भर्ना भएका दलित बालवालिकाहरूको शैक्षिक विवरण, माध्यमिक तहमा विद्यालय जानबाट बञ्चित बालवालिकाहरूको विवरण समावेश गरिएको छ ।

दलितहरू वीचको आर्थिक तथा शैक्षिक अवस्थाको तुलना गर्न जातिगत आधारमा बार्षिक आम्दानीको स्थिति, जातिगत आधारमा भूमिको वितरण, जातिगत रूपमा भर्ना भएका दलित विद्यार्थीहरूको विवरण, दलित विद्यार्थीहरूको शैक्षिक परिणाम सम्बन्धी विवरण र दलित बालवालिकाहरूको माध्यमिक तहको प्रवाहदर उल्लेख गरिएको छ । अध्ययनको क्रममा ९० घरपरिवारका ५८ जना दलित विद्यार्थीहरू र २ माध्यमिक विद्यालयलाई नमुनामा समावेश गरिएको छ ।

### ५.१ नमूना छनौटमा समावेश जनसङ्ख्याको विशेषताहरू (Demographic Characteristics of Sampling)

नमूना छनोटमा समावेश जनसङ्ख्याको विशेषताहरु अर्न्तगत जातजातिको आधारमा जनसङ्ख्याको वितरण उमेर र लिङ्गको आधारमा जनसङ्ख्याको वितरण, परिवारको आकार आदि रहेका छन् ।

### ५.१.१ जातजातिको आधारमा जनसङ्ख्याको वितरण (Population Distribution on the Basis of Ethnic)

इन्द्रपुर गा.वि.स.मा बसोबास गर्ने जातिहरूमध्ये दलितहरू पनि एक हुन । नमूनामा समावेश ९० घरपरिवारको दलितहरू जातीय आधारमा जनसङ्ख्याको वितरण यस प्रकार रहेको छ ।

**तालिका ५.१**

**इन्द्रपुर गा.वि.स. का दलित जातिहरूको जनसङ्ख्या वितरण, २०६९**

| क.स. | जाति | घर सङ्ख्या | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कामी | ३२ | ९५ | ८८ | १८३ | ३७ |
| २ | दमाई | २४ | ६९ | ६६ | १३५ | २७ |
| ३ | सार्की | २० | ४४ | ५१ | ९५ | १९ |
| ४ | मुसहर | ५ | २० | १६ | ३६ | ७ |
| ५ | धोवी | ३ | ९ | ११ | २० | ४ |
| ६ | बाँतर | २ | ६ | ५ | ११ | २ |
| ७ | तत्मा/दास | २ | ५ | ४ | ९ | २ |
| ८ | डोम | २ | ४ | ६ | १० | २ |
| जम्मा | | ९० | २५२ | २४७ | ४९९ | १०० |


स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

तालिका ५.१ लाई हेर्दा नमूनामा दिइएको जनसङ्ख्याको जातिगत वितरणलाई हेर्दा दलित जनसङ्ख्याको ३७ प्रतिशत भाग कामी जातिले ओगटेको देखिन्छ । त्यसैगरी दमाई जातिले २७ प्रतिशत ,सार्की जातिले १९ प्रतिशत, मुसहर जातिले ७ प्रतिशत, धोवी जातिले ४ प्रतिशत र बाँतर, तत्मा र डोमले बराबर २ प्रतिशत जनसङ्ख्या ओगटेको देखिन्छ ।

यसलाई वृत्त चित्रमा देखाउदा निम्नानुसार देखाउन सकिन्छ :-

चित्रं ५. १

इन्द्रपुर गा.वि.स. का दलित जातिहरूको जनसङ्ख्या वितरण




## ५.१.२ उमेर र लिङ्गको आधारमा जनसङ्ख्याको वितरण

## (Population Distribution on the Basis of Age and Sex)

उमेर र लिङ्ग अनुसार जनसङ्ख्याको वर्गीकरणले विभिन्न प्रकारका जनसाङ्ख्यिकीय सूचकहरू पत्ता लगाउन सकिन्छ। विशेषगरी श्रमबजारमा कति जनशक्ति उपलब्ध छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ। नमूना छनौटमा परेका ९० घर परिवारका ४९९ जनाको उमेर र लिङ्ग अनुसार जनसङ्ख्याको वितरण निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका ५.२

इन्द्रपुर गा.वि.स.का दलित घर परिवारको उमेर तथा लिङ्ग अनुसारको जनसङ्ख्या २०६९

| क्र.स. | उमेर समूह | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-५ | २३ | २० | ४३ | ८.९ |
| २ | ६-१४ | ७० | ७६ | १४६ | २९.३ |
| ३ | १५-५९ | १३४ | १२६ | २६० | ५२.१ |
| ४ | ६० वर्ष माथि | २५ | २५ | ५० | १०.० |
| जम्मा | | २५२ | २४७ | ४९९ | १०० |

स्रोत:- स्थलगत सर्वेक्षण, (२०७०)।

तालिका ५.२ अनुसार नमुनामा परेका ९० घर परिवारमा जम्मा ४९९ जनसङ्ख्या रहेको छ । तालिकामा उक्त जनसङ्ख्यालाई चार समूहमा समावेश गरिएको छ । जसमा ०-५ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या ४३ जना (८.६ प्रतिशत), ६ देखि १४ वर्षसम्म उमेर समूहका बालबालिकाको सङ्ख्या १४६ (२९.३ प्रतिशत), १५ देखि ५९ वर्ष उमेर समूहका आर्थिक रूपले सक्रिय जनसङ्ख्या २६० (५२ प्रतिशत) रहेको छ भने ६० वर्षभन्दा माथिको जनसङ्ख्या ५० जना (१०.० प्रतिशत) रहेको छ ।

### ५.१.३ परिवारको आकार (Size of Family)

एउटै घरधुरीभित्र बसोबास गर्ने एउटै भान्सामा खाने, जन्म तथा विवाहले एक आपसमा सम्बन्धित व्यक्तिहरूको समूह नै परिवार हो । परिवारको आकार निर्धारण गर्ने तत्वहरूमा विवाहको उमेर, सामाजिक साँस्कृतिक तथा धार्मिक मूल्यमान्यता, अभिभावकको शैक्षिक अवस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । नमूनामा छनौटमा परेका ९० घर दलित परिवारको आकार तलको तालिकाले स्पष्ट पारेको छ ।

**तलिका ५.३**

**दलित घरपरिवारका आकार सम्बन्धी विवरण, २०७०**

| क्र.स. | परिवारको आकार | घर परिवारकोसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ४ जना | ३१ | ३४.४ |
| २. | ५-६ जनासम्म | ३७ | ४१.१ |
| ३. | ७ जना र सो भन्दा माथि | २२ | २४.५ |
| जम्मा | | ९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७०) ।

तालिका ५.३ मा दलित घरपरिवारका आकार सम्बन्धी विवरण प्रस्तुत गरिएको छ । जस अनुसार ४ जनासम्म सदस्य रहेको घरपरिवारको सङ्ख्या ३१ जना (३४.४ प्रतिशत) रहेको छ । त्यसैगरी ५ देखि ६ जनासम्म ३७ जना (४१.१ प्रतिशत) छ भने ७ जनाभन्दा बढी सदस्य सङ्ख्या रहेको परिवार सङ्ख्या २२ (२४.५ प्रतिशत) रहेको छ । अहिलेको आधुनिक युगमा सानो परिवारलाई राम्रो मानिएता पनि दलित समुदायमा उक्त कुराको प्रभाव कम रहेको देखिएको छ ।

## ५.२ दलितहरुको आर्थिक अवस्था (Economics Status of Dalits)

दलित जातिको आर्थिक अवस्थाको विश्लेषण गर्न पेशा व्यवसाय, भूमिको वितरण, पशुपालन, खाद्यान्न पर्याप्तता, वार्षिक आय-व्ययको स्थिति आदिलाई समावेश गरिएको छ ।

### ५.२.१ पेशा व्यवसाय (Occupation)

कुनै पनि मानिसलाई/व्यक्तिलाई जीवनयापन गर्नका लागि कुनै न कुनै आर्थिक क्रियाकलापमा संलग्न हुनु अतिआवश्यक छ । आर्थिक क्रियाकलापमा संलग्न हुने जनशक्ति १५ देखि ५९ वर्ष उमेर समूहमा पर्दछन् । यही उमेर समूहले अन्य उमेर समूहका व्यक्तिहरूको पालन पोषण गर्नु पर्ने हुन्छ । नेपाली जनताको मुख्य पेशा कृषि भएता पनि इन्द्रपुर गा.वि.स.का दलितहरूको यसमा न्युन संलग्न भएको पाइयो । यो गा.वि.स.का दलितहरूका खेतीपाती गर्ने जग्गा जमिन नभएकाले दैनिक ज्यालादरीको काम गर्न बाध्य भएको पाइयो । नमूनामा परेका दलितहरूको पेशाको विवरण निम्नानुसार छ -

**तलिका ५.४**

**दलित जातिको पेशा व्यवसाय विवरण, २०६९**


| क्र.स. | पेशा/व्यवसाय | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मजदुरी | ३७ | ४१.१ |
| २ | वैदेशिक रोजगारी | २० | २२.२ |
| ३ | टेलरिङ | ८ | ९ |
| ४ | ज्वेलर्स/आरन | ५ | ५.६ |
| ५ | नोकरी | ५ | ५.६ |
| ६ | व्यापार | ४ | ४.४ |
| ७ | ड्राइभिङ/चालक | ४ | ४.४ |
| ८ | कृषि | ३ | ३.३ |
| ९ | ट्वाइलेट सफा गर्ने | २ | २.२ |
| १० | लुगा धुने | २ | २.२ |
| जम्मा | | ९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

तालिका ५.४ मा इन्दपुर गा.विसका दलित जातिको पेशा व्यवसाय विवरण प्रस्तुत गरिएको छ । जसअनुसार दैनिक ज्यालादारीमा श्रम गर्ने मजदुर घरपरिवारको सङ्ख्या सबैभन्दा बढी ३७ (४१.१ प्रतिशत) रहेको कुरा प्रष्ट हुन्छ । यस्ता मजदुरहरू विशेषगरी घर निर्माण फर्निचर निर्माण तथा अरूको खेतीपातीको काम गर्ने गरेको पाइयो । त्यस्तै वैदेशिक रोजगारीलाई आम्दानीको स्रोत बनाउने परिवारको सङ्ख्या २० (२२.२ प्रतिशत) छ । त्यस्तैगरी आफ्नो पुर्ख्यौली पेशा अपनाउने घरपरिवारको पनि नमूनामा भेटिएको छ । जसअनुसार टेलरिङमा ८ परिवार (९ प्रतिशत), ज्वेलर्स/आरनमा ५ परिवार (५.६ प्रतिशत), ट्वाइलेट सफा गर्ने र लुगा धुने परिवार क्रमशः २,२ (२.२ प्रतिशत पाइयो । नोकरी, व्यापार र कृषिमा संलग्न घरपरिवार क्रमशः ५ (५.६ प्रतिशत), ४ (४.४ प्रतिशत) र ३ (३.३ प्रतिशत) पाइयो भने चालक/ड्राइभिङ पेशामा लागेका घरपरिवारको सङ्ख्या ४ (४.४ प्रतिशत) पाइयो ।

**चित्र ५.२**

**दलित जातिको पेशा व्यवसाय विवरण**



## ५.२.२ भूमिको वितरण (Land Distribution)

कुनै पनि नेपाली समुदायमा परिवारको भूमि वा जग्गा जमिनले घरपरिवारको समग्र आर्थिक अवस्थालाई झल्काएको हुन्छ । यस अध्ययनमा नमूनामा समावेश भएका दलित घरपरिवारको भूमिको विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ५.५**

**इन्द्रपुर गा.वि.स.का दलित घरपरिवारहरूको भूमिको विवरण, २०६९**

| क्र.स. | भूमिको आकार | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भूमिहीन | ३९ | ४३.३ |
| २ | ५ देखि १० धुरसम्म | २३ | २५ |
| ३ | ११ देखि १९ धुरसम्म | १५ | १६.७ |
| ४ | १ कट्ठा वा सो भन्दा माथि | १३ | १४.४ |
| जम्मा | | ९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

तालिका ५.५ मा इन्द्रपुर गा.वि.स.का दलित घरपरिवारहरूको भूमिको विवरण प्रस्तुत गरिएको छ । जसअनुसार सबैभन्दा बढी घरपरिवार संख्या ४३.३ प्रतिशत (३९ घर परिवार) भूमिहिन रहेका छन् । त्यस्तै गरेर ५ देखि १० धुरसम्म जमिन हुने परवार संख्या २५ प्रतिशत (२३ घर परिवार) रहेका छन् । ११ देखि १९ धुरसम्म भूमि हुने घरपरिवार संख्या १६.७ प्रतिशत (१५ घर परिवार) रहेका छन् । १ कठ्ठा वा सो भन्दा माथि भूमि हुने परिवार संख्या १४.४ प्रतिशत (१३ घरपरिवार) रहेका छन् ।

### ५.२.३ पशुपालन (Animal Husbandry)

पशुपालन र कृषि पेशा एक अर्कोमा अन्योन्यास्रित सम्बन्ध रहेको पाइन्छ । अध्ययन क्षेत्रका अधिकांश मानिसहरू गैर कृषि पेशामा संलग्न भए पनि आफ्नो घरमा विभिन्न किसिमका पशुपंक्षी विवरण निम्न तालिकामा देखाइएको छ-

**तालिका ५.६**

**इन्द्रपुर गा.वि.स.का दलित घरपरिवारहरूको पशुपंक्षी विवरण, २०६९**

| क्र.स. | पशुपंक्षी | ९० मध्ये पशुपंक्षी भएको घरधुरी | पशुपंक्षीको सङ्ख्या | प्रतिघर अनुपात |
|---|---|---|---|---|
| १ | गाई | २४ | ३० | १.२५ |
| २ | गोरू | १८ | ३६ | १.८ |
| ३ | भैसी | ९ | १२ | १.३ |
| ४ | राँगा | १० | १५ | १.५ |
| ५ | बाख्रा/खसी | ४२ | १०८ | २.५७ |
| ६ | सुँगुर/वङ्गुर | ३६ | ४५ | १.२५ |
| ७ | कुखुरा | ७४ | ४५३ | ६.१२ |
| ८ | परेवा | १५ | ११२ | ७.४६ |
| ९ | हाँस | २३ | ९४ | ४.०९ |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०)।

तालिका ५.६ मा इन्द्रपुर गा.वि.स.का दलित घरपरिवारहरूको पशुपंक्षी विवरण प्रस्तुत गरिएको छ। उक्त तालिका अनुसार सबैभन्दा कम ९ घरले १२ ओटा भैसी पालेका छन् भने १० घरपरिवारले १५ ओटा राँगा पालेका छन्। त्यसैगरी २४ घरपरिवारले ३० ओटा गाई र १८ ओटा घरपरिवारले ३६ ओटा गोरू पालेका छन्। त्यस्तै बाख्रा/खसी ४२ घरपरिवारले १०८ ओटा, सुँगुर/वँगुर ३६ घरपरिवारले ४५ ओटा, कुखुरा ७४ घरपरिवारले ४५३ ओटा परेवा, १५ घरपरिवारले ११२ ओटा र २३ घरपरिवारले ९४ ओटा हाँस पालेका छन् भने १६ र परिवारैले कुनैपनि पशुपंक्षी पालेको देखिदैन। पशुपंक्षी यी घरपरिवारको लागि आफ्नो मुख्य पेशा बाहेकको अतिरिक्त आम्दानीको स्रोत बनेको छ। विशेषगरी खसी बाख्रा, सुँगुर, हाँस तथा कुखुरा बेचबिखन गरी आवश्यक खर्चलाई धान्न सहयोग भएको उनीहरू बताउछन्।

### ५.२.४ खाद्यान्न पर्याप्तता (Foodgrain Sufficiency)

नमूना क्षेत्रमा रहेका अधिकांश दलित जातिहरूको पर्याप्त खेती गर्ने जमिन नभएको देखिन्छ। जसकारण उनीहरूको आम्दानीको स्रोतको रूपमा आफ्नो परम्परागत पेशाका साथै दैनिक ज्यालादारी लगायत अन्य रोजगारीका क्षेत्रमा कार्य गरेको पाइयो। उनीहरू संलग्न क्षेत्रको आम्दानीबाट खाद्यान्नमा पुग्ने सहयोगलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ।

**तालिका ५.७**

**इन्द्रपुर गा.वि.स.का दलित घरपरिवारको खाद्यान्न पर्याप्तता महिना तथा घरपरिवार सङ्ख्या २०६९**

| क.स. | खाद्यान्न पर्याप्तता महिना | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सुकुम्बासी | ३९ | ४३.३ |
| २ | ३ महिनासम्म | ४ | ४.४ |
| ३ | ६ महिनासम्म | २ | २.२ |
| ४ | ९ महिनासम्म | ४ | ४.४ |
| ५ | १ वर्षसम्म | १८ | २० |
| ६ | बचत गर्न सक्ने | २३ | २५.७ |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

तालिका ५.७ इन्द्रपुर गा.वि.स.का दलित घरपरिवारको खाद्यान्न पर्याप्तता महिना तथा घरपरिवार सङ्ख्या प्रस्तुत गरिएको छ । जसअनुसार कृषि लगायत विभिन्न पेशामा संलग्न दलित घरपरिवारको खाद्य पर्याप्तता देखाइएको छ । जस अनुसार ३९ घरपरिवारहरू भूमिहीन सुकुम्बासी रहेका छन् । उनीहरू रोजगारीको समस्या टार्न ज्याला मजदुरीमा संलग्न भएको पाइन्छ । चार घरपरिवार लुगा धुने २ र ट्वाइलेट सफा गर्ने २ लाई ३ महिनासम्म खाद्यान्न पुग्छ । त्यस्तै २ घरपरिवार (आरन १ र कृषि १) लाई ६ महिनासम्म मात्र खाद्यान्न पुग्ने गरेको छ । त्यस्तै गरी चार घरपरिवार(कृषि २, चालक २) लाई ९ महिना खान पुग्छ भने १८ घरपरिवार (टेलर्स ६, वैदेशिक रोजगार -८, ज्वेलर्स-२ र चालक-२) लाई १ वर्षसम्म खाद्यान्न पुगेको छ । २३ घरपरिवार (नोकरी-५, वैदेशिक रोजगार-१२, व्यापार-२, ज्वेलर्स-२ र टेलर्स-२) ले बचत समेत गर्ने गरेको देखिन्छ । यसरी हेर्दा कृषिभन्दा अन्य क्षेत्रबाट राम्रो आम्दानी हुने गरेको देखिन्छ ।

### ५.२.५ वार्षिक आयव्ययको स्थिति (Situation of Animal Income Expenditure)

नमूना छनौटमा परेका दलित जातिहरू परम्परागत पेशामा मात्र नभइ विभिन्न पेशामा समेत सहभागी हुने समेत गरेका छन् । पुर्ख्यौली पेशा बाहेक उनीहरू वैदेशिक रोजगार, बहुमूल्य गरगहना बनाउने व्यवसाय, सरकारी नोकरी, व्यापार आदिबाट समेत राम्रो आम्दानी प्राप्त गरेका देखिन्छ ।

**तालिका ५.८**

**इन्द्रपुर गा.वि.स.का दलितहरुको वार्षिक आय विवरण, २०६९**

| **क.स** | **आम्दानी रकम (रू मा)** | **घरपरिवार सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | रू. ३००००० भन्दा कम | ४१ | ४५.६ |
| २ | रू. ३००००० देखि रू. ४०००० सम्म | ८ | ८.९ |
| ३ | रू. ४०००० देखि रू. ५०००० सम्म | १८ | २०.० |
| ४ | रू. ५०००० भन्दा बढी | २३ | २५.५ |
| जम्मा | | ९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

तालिका ५.८ मा इन्द्रपुर गा.वि.स.का दलितहरुको वार्षिक आय विवरण प्रस्तुत गरिएको छ । तालिका अनुसार रू. ३०००० हजारभन्दा कम आम्दानी भएका घरपरिवार सङ्ख्या ४१ (४५.६ प्रतिशत) रहेको देखिन्छ । त्यस्तै रू. ४० हजारसम्म आम्दानी भएका घरपरिवार सङ्ख्या ८ (८.९ प्रतिशत), रू. ४० हजार देखि रू. ५० हजारसम्म आम्दानी हुने घरपरिवार सङ्ख्या १८ (२० प्रतिशत) र रू.५० हजारभन्दा माथि आम्दानी हुने घरपरिवार सङ्ख्या २३ (२५.५ प्रतिशत रहेको छ । यसरी तालिकाको अध्ययनबाट रू ३० हजारभन्दा कम आम्दानी गर्ने घरपरिवारको संख्या सबैभन्दा बढी देखिन्छ ।

**तालिका ५.९**

**इन्द्रपुर गा.वि.स.का दलितहरुको वार्षिक व्यय विवरण, २०६९**

| **क.स** | **व्यय रकम (रू.मा)** | **घरपरिवार सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | रू.३०००० भन्दा कम | ३४ | ३७.८ |
| २ | रू. ३०००० देखि रू. ४०००० | १४ | १५.५ |
| ३ | रू.४०००० देखि रू. ५०००० | १७ | १८.९ |
| ४ | रू. ५०००० भन्दा बढी | २५ | २७.८ |
| जम्मा | | ९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

तालिका ५.९ मा इन्द्रपुर गा.वि.स.का दलित जातिको वार्षिक व्यय विवरण प्रस्तुत गरिएको छ । जसअनुसार कुल दलित घरपरिवारको ३७.८ प्रतिशत घरपरिवारले वार्षिक रू. ३० हजारभन्दा कम खर्च गरेको पाइयो । त्यस्तै १५.५ प्रतिशतले रू.३० हजारदेखि रू.४० हजारसम्म खर्च गरेको पाइयो । रू.४० हजारदेखि रू.५० हजारसम्म खर्च गर्ने घरपरिवार सङ्ख्या १८.९ प्रतिशत र रू.५० हजारभन्दा माथि खर्च गर्ने घरपरिवार २७.५ प्रतिशत रहेको पाइयो ।

यो तथ्याङ्कलाई हेर्दा कम आम्दानी हुने घरपरिवारको खर्च पनि कम नै देखिन्छ भने बढी आम्दानी हुने घरपरिवारको खर्च पनि बढी नै हुने गरेको देखिन्छ । त्यस्तैगरी यो तथ्याङ्कलाई हेर्दा केही कम आम्दानी भएका घरपरिवारको पनि बढी व्यय देखिन्छ । यस्तो असन्तुलनलाई हटाउन उनीहरू दैनिक ज्याला मजदुरी गर्ने गरेको पाइयो ।

## ५.३ दलितहरुको शैक्षिक अवस्था (Educational Status of Dalits)

दलितहरुको शैक्षिक अवस्थाको विश्लेषण गर्न दलित जातिको साक्षर स्थिति, दलित बालबालिकाहरूको शैक्षिक अवस्था, दलित घरपरिवारका विद्यालय जाने उमेर समूहका बालबालिकाहरू, विद्यालय भर्ना भएका दलित बालबालिकाहरूको विवरण, माध्यामिक तहमा विद्यालय जानबाट बञ्चित दलित बालबालिकाहरू, दलित वालवालिकाहरूको शैक्षिक समस्या र समाधानका उपायहरूलाई प्रस्तुत गरिएको छ ।

### ५.३.१ दलित जातिको साक्षर स्थिति (Literacy Situation of Dalits)

शिक्षालाई व्यक्तित्व विकास र समाज परिवर्तनको संवाहक मानिन्छ । शिक्षाले व्यक्तिलाई सही मार्ग निर्देशन समेत गर्दछ । शिक्षाको दृष्टिकोणमा नेपालका समग्र दलित समुदाय भने निकै पिछडिएको समुदाय हो । नमूना छनौटमा परेका दलितहरूको पनि शैक्षिक अवस्था उत्साह जनक छैन । समुदयामा उच्च शिक्षा प्राप्त गर्ने व्यक्तिहरू त झन सीमित मात्रामा रहेका छन् । यस शोध कार्यमा दलित जातिको शैक्षिक स्थितिलाई साक्षर र निरक्षर मापदण्ड अपनाएर मापन गरिएको छ । जो लेखपढ गर्न जान्दैनन उनीहरूलाई निरक्षर र जो साधारण लेखपढ गर्न, आफ्नो दैनिक जीवनमा आइपर्ने साधारण साधारण हिसाव गर्न सक्दछन्, उनीहरूलाई साक्षर समूहमा राखिएको छ ।

**तालिका ५.१०**

**इन्द्रपुर गा.वि.स.का ५ वर्षमाथिका दलित जातिको शैक्षिक स्थिति, २०६९**

| क्र.स | विवरण | पुरूष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | १३२ | ५७.६ | १०५ | ४६.३ | २३७ | ५१.९ |
| २ | निरक्षर | ९७ | ४२.४ | १२२ | ५३.७ | २१९ | ४८.१ |
| | जम्मा | २२९ | १०० | २२७ | १०० | ४५६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०)।

तालिका ५.१० मा इन्द्रपुर गा.वि.स.का ५ वर्षमाथिका दलित जातिको शैक्षिक स्थितिलाई प्रस्तुत गरिएको छ। जसअनुसार नमूना छनौटमा परेका कुल दलित जनसङ्ख्या मध्ये साक्षर जनसङ्ख्या ५१.९ प्रतिशत रहेको छ। जसअनुसार पुरूष ५७.६ प्रतिशत र महिला ४६.३ प्रतिशत साक्षर रहेका छन्। त्यस्तै निरक्षरको सङ्ख्या ४८.१ रहेको छ, जसमा पुरूषको सङ्ख्या ४२.४ प्रतिशत र महिलाको सङ्ख्या ५३.७ प्रतिशत रहेको छ। यसरी हेर्दा साक्षरभन्दा निरक्षर कम भए पनि समग्र राष्ट्रको साक्षरताको दर भने न्युन रहेको देखिन्छ।

**तालिका ५.११**

**इन्द्रपुर गा.वि.स.का साक्षर दलितहरूको तहगत शैक्षिक अवस्था, २०६९**

| क्र.स. | शैक्षिक अवस्था | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उच्च शिक्षा | ५ | २ | ७ | ३.० |
| २ | उच्च मा.वि. | ७ | ८ | १५ | ६.३ |
| ३ | एस.एल.सी. | २७ | १६ | ४३ | १८.१ |
| ४ | निम्नमाध्यमिक | ४१ | २९ | ७० | २९.५ |
| ५ | साधारण | ५२ | ५० | १०२ | ४३.१ |
| | जम्मा | १३२ | १०५ | २३७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०)।

तालिका ५.११ मा साक्षर दलितहरूको तहगत शैक्षिक अवस्थालाई देखाइएको छ। जसमा उच्च शिक्षा प्राप्त गर्ने ५ पुरूष र २ महिला गरी जम्मा ७ जना (३.०) प्रतिशत

छन् । त्यस्तै गरी उच्च मा.वि. शिक्षा प्राप्त गर्ने जम्मा १५ जना (६.३ प्रतिशत), एस.एल.सी. गर्ने ४३ जना (१८.१ प्रतिशत), निम्नमाध्यामिक तह उत्तीर्ण गर्ने ७० जना (२९.५ प्रतिशत) र साधारण ८ कक्षासम्म अध्ययन गरेका जम्मा १०२ जना (४३.१ प्रतिशत) रहेका छन् ।

### ५.३.२ दलित बालबालिकाहरूको शैक्षिक अवस्था (Educational Situation of Dalit Children)

शिक्षा आर्जनका लागि राम्रो पारिवारिक वातावरणका साथै प्रोत्साहनको लागि पनि जरूरी हुन्छ । विशेषगरी दलित समुदायका बालबालिकाहरू माध्यमिक तहमा अध्ययन गर्ने उमेरसम्म आइपुग्दा परिवारको गर्जो टार्न सहयोग गर्न वाध्य भएका हुन्छन् । जसले गर्दा माध्यमिक तहमा उनीहरूको पहुँच कम देखिन्छ ।

प्राथमिक तहमा विद्यार्थी भर्ना अभियान, विद्यालय घरदैलो कार्यक्रम सञ्चालन गरी जिल्ला शिक्षा कार्यालयले सक्रियता देखाएको पाइन्छ तर माध्यमिक तहमा यस्ता खालका कुनै पनि कार्यक्रम नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालयले खासै गरेको पाइदैन । जसले गर्दा माध्यमिक तहमा शिक्षाको पहुँच पुऱ्याउन सकिएको छैन । बेलाबेलामा विद्यालयलाई अनुदान जस्ता कार्यक्रम सरकारले ल्याए पनि आर्थिक अवस्थाका कारण सम्पूर्ण बालबालिका विद्यालयमा भर्ना हुन सकिरहेका छैनन् । यो अवस्था विशेष गरेर दलित वर्गमा नै पर्ने गरेको पाइन्छ । खासगरी यसका लागि दलित विद्यार्थीहरूलाई विद्यालय जान प्रोत्साहनका लागि दलित छात्रवृत्ति अभियान कार्यक्रम चलाउनु पर्ने देखिन्छ र मात्र उनीहरू विद्यालय भर्ना हुने देखिन्छ (पराजुली,२०६८) ।

नमुना अध्ययन क्षेत्रमा विद्यालय तहको भर्नाको स्थितिलाई हेर्नका लागि २ ओटा माध्यमिक विद्यालयमा श्री सुकुना उ.मा.वि. र श्री महेन्द्र मा.वि. मा भर्ना भएका विद्यार्थीलाई लिइएको छ । जुन शैक्षिक सत्र २०६९ को तथ्याङ्कमा आधारित छ ।

### ५.३.२.१ इन्द्रपुर गा.वि.स.का दलित घरपरिवारका विद्यालय जाने उमेर समूहका बालबालिकाहरू (The Children of School Age Group of Dalit of Families from Indrapur VDC)

नेपालमा शिक्षा तथा खेलकुद मन्त्रालयले माध्यमिक तहको उमेर १४-१५ वर्षलाई निर्धारण गरेको भएता पनि अध्ययन क्षेत्रका दलित बालबालिकाहरूको माध्यमिक तहको उमेर (१४-१८) वर्षसम्म रहेको पाइयो । त्यसैले यहाँ विद्यालय जाने उमेर समूहलाई २ भागमा वर्गीकरण गरेर विश्लेषण गर्ने प्रयास गरिएको छ । दुई विद्यालय क्षेत्रका विद्यालय जाने उमेर समूहका बालबालिकाहरूको विवरण निम्न तालिकामा देखाइएको छ।

**तालिका ५.१२**

**इन्द्रपुर गा.वि.स.का दलित बालबालिकाहरूको विवरण, २०६९**

| क.स | लिङ्ग/उमेर | १४-१५ वर्ष | १६-१८ वर्ष | जम्मा |
|---|---|---|---|---|
| १ | केटा | १६ | २२ | ३८ |
| २ | केटी | १४ | २२ | ३६ |
| जम्मा | | ३० | ४४ | ७४ |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

तालिका ५.१२ मा इन्द्रपुर गा.वि.स.का दलित बालबालिकाहरूको विवरण प्रस्तुत गरिएको छ । जसअनुसार अध्ययन क्षेत्रमा १४-१५ वर्ष उमेर समूहका १६ केटा र १४ केटी गरी जम्मा ६० जना बालबालिका रहेका छन् । त्यसैगरी १६ देखि १८ उमेर समूहका २२ केटा र २२ केटी जम्मा ४४ जना बालबालिका रहेका छन् । विद्यालय उमेर समूहका १४-१८ वर्षसम्मका कुल ३८ केटा र ३६ केटी गरी जम्मा ७४ जना बालबालिका अध्ययन गरेका छन् ।

### ५.३.२.२ विद्यालय भर्ना भएका दलित बालबालिकाहरूको विवरण (Detail of the Dalit Children Enrolled in School)

यस अध्ययन क्षेत्रमा १४-१५ वर्षका ३० बालबालिका मध्ये जम्मा २५ विद्यालय भर्ना भएको पाइयो । त्यसैगरी १६-१८ वर्षका जम्मा ३३ जना विद्यालय भर्ना भएका छन् । यसरी हेर्दा विद्यालय उमेर समूहका ७४ जना बालबालिकाहरू मध्ये ५८ जना मात्र विद्यालय भर्ना

भएका छन् । जसमा १६ जना बालबालिका विद्यालय भर्ना हुनबाट बञ्चित भएको देखिन्छ । माध्यमिक तहमा विद्यालय भर्ना भएका दलित बालबालिकाहरूको कक्षागत भर्ना विवरण तलको तालिकामा देखाइएको छ ।

अध्ययन क्षेत्रभित्र पर्ने २ ओटा माध्यमिक विद्यालयहरू रहेका श्री सुकुना उ.मा.वि. र महेन्द्र मा.वि. हुन् । यी नै दुई ओटा विद्यालयमा भर्ना भएका दलित बालबालिकाहरूको विवरण निम्न तालिकामा देखाइएको छ।

**तालिका ५.१३**

**विद्यालय भर्ना भएका दलित बालबालिकाहरूको विवरण, २०६९**

| विद्यालय / लिङ्ग | श्री सुकुना उ.मा.वि. | | | श्री महेन्द्र मा.वि. | | |
|---|---|---|---|---|---|---|
| कक्षा | ९ | १० | जम्मा | ९ | १० | जम्मा |
| छात्र | ८ | १३ | २१ | ६ | ५ | ११ |
| छात्रा | ६ | ११ | १७ | ५ | ४ | ९ |
| जम्मा | १४ | २४ | ३८ | ११ | ९ | २० |


स्रोतः विद्यालय अभिलेख, (२०६९)

तालिका ५.१३ मा अनुसार शैक्षिक सत्र २०६९ मा अध्ययन क्षेत्रका विद्यालयहरू श्री सुकुना उच्च मा.वि र महेन्द्र मा.वि. मा भर्ना भएका दलित बालबालिकाहरूको विवरण देखाइएको छ । जस अनुसार सुकुना उच्च मा.वि. कक्षा ९ मा ८ छात्र र ६ छात्रा गरी १४ जना, कक्षा १० मा १३ छात्र र ११ जना छात्रा गरी कूल ३८ जना दलित विद्यार्थीहरू भर्ना भएको देखिन्छ । त्यसैगरी श्री महेन्द्र मा.वि. शुक्रबारेमा कक्षा ९ मा ६ छात्र र ५ छात्रा गरी जम्मा ११ जना, कक्षा १० मा ५ छात्र र ४ छात्रा गरी ९ जना कूल २० जना दलित विद्यार्थीहरू भर्ना भएको देखिन्छ ।

विद्यालयमा भर्ना भएका दलित बालबालिकाहरूको विवरणलाई निम्न स्तम्भ चित्रमा देखाउन सकिन्छ ।

चित्र ५.३

विद्यालय भर्ना भएका दलित बालबालिकाहरूको विवरण, २०६९




### ५.३.२.३ माध्यमिक तहमा विद्यालय जानबाट बञ्चित दलित बालबालिकाहरू (Dalit Children Deprived of Secondary Education)

सबै विद्यालय जाने समूह उमेरका बालबालिकाहरूलाई शिक्षाबाट बञ्चित नगर्ने शिक्षामा समान अवसरको नीति सरकारले ल्याएता पनि विभिन्न आर्थिक कारणले सबै समुदायका बालबालिकाहरूले पूर्ण रूपमा शिक्षा प्राप्त गर्न सकेको देखिदैन । यस्तो समस्या अध्ययन क्षेत्रमा पनि देखा परेको पाइन्छ । नमूना क्षेत्रमा माध्यामिक तहको शिक्षा प्राप्त गर्नबाट वञ्चित बालबालिकाको सङ्ख्यालाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

तालिका ५.१४

विद्यालय जाने उमेर समूहका विद्यालय जाने र विद्यालय जानबाट वञ्चित दलित बालबालिकाहरूको विवरण, २०६९


| उमेर समूह | जम्मा विद्यार्थी सङ्ख्या | विद्यालय भर्ना भएका बालबालिका | प्रतिशत | विद्यालय जानबाट वञ्चित बालबालिकाहरू | प्रतिशत |
|---|---|---|---|---|---|
| १४-१८ | ७४ | ५८ | ७८.४ | १६ | २१.६ |

स्रोत: स्थलगत सर्वेक्षण, (२०६९) ।

प्रस्तुत तथ्याङ्कलाई वृत्तचित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**चित्र ५.४**

**विद्यालय जाने र विद्यालय जानबाट वञ्चित दलित बालबालिकाहरूको विवरण, २०६९**




तालिका ६.४ र वृत्तचित्रबाट यो स्पष्ट कि विद्यालय उमेर समूहबाट १४-१८ वर्षका ७४ बालबालिकाहरू मध्ये १६ जना अर्थात २१.६ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित छन् भने जम्मा बालबालिकाहरू मध्ये ५८ जना अर्थात् ७८.४ प्रतिशत बालबालिका विद्यालय भर्ना भएका छन् । यसरी २२.५ प्रतिशत बालबालिकाहरू विद्यालयको पहुँच भन्दा टाढिएको कुरा सजिलै पत्ता लगाउन सकिन्छ ।

### ५.३.२.४ दलित वालवालिकाहरूको शैक्षिक समस्या र समाधानका उपायहरू (The Educational Problem of Dalit Children's and Method of Solves)

शैक्षिक समस्या र समस्या समाधानका उपायहरूको खोजीको लागि प्रश्नावली मार्फत् १० जना शिक्षक र २० जना अभिभावकले दिएको उत्तरका आधारमा शैक्षिक समस्या र शैक्षिक समस्या समाधानको उपायहरूलाई प्रस्तुत गरिएको छ ।

### (क) दलित बालबालिकाहरूको शैक्षिक उपलब्धि निम्न हुनुको कारणहरू

अध्ययन क्षेत्रका दुई वटै विद्यालयहरूका दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि न्युन हुनुको कारणहरू प्रश्नावली मार्फत दुई वटै विद्यालयका चार -चार जना शिक्षक र एक-एक जना प्रधानध्यापकले दिएको जवाफको आधारमा निम्नानुसारका कारणहरू प्रस्तुत गरिन्छ ।

| क्र. सं. | शैक्षिक उपलब्धि सम्बन्धी धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विद्यालयमा कम उपस्थिति हुनु | ८ | ८० |
| २. | गृहकार्य नगर्नु | ७ | ७० |
| ३. | पढाई प्रति चासो नराख्ने | ९ | ९० |
| ४. | कमजोर पारिवारिक पृष्ठभूमि | ६ | ६० |
| ५. | पढाईप्रति भन्दा वैदेशिक रोजगार प्रति आकपर्षत हुनु | ५ | ५० |
| ६ | चेतनशिल अभिभावक नहुनु | ३ | ३० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

प्रस्तुत सर्वेक्षणलाई विश्लेषण गर्दा दलित बालबालिकाहरूको शैक्षिक उपलब्धि कम हुनुको प्रमुख कारणहरूमा पढाईप्रति चासो नदिनु र विद्यालयमा कम उपस्थिति हुनु देखिन्छ । त्यस्तै अन्य कारणहरूमा गृहकार्य नगर्नु कमजोर पारिवारिक पृष्ठभूमि वैदेशिक रोजगार प्रति आकर्षित हुनु र चेतनशिल अभिभावक नहुनु देखिन्छ ।

### २. कक्षा छोड्ने र दोहोऱ्याउने कारणहरू

अध्यायन क्षेत्रका १० जना शिक्षक (२ प्र.अ. सहित) र २० जना अभिभावकले दिएको उत्तरको आधारमा कक्षा छोड्ने र दोहोऱ्याउने कारणहरूको खोजी प्रश्नावली मार्फत्  गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र. सं. | कक्षा छोड्ने र दोहोऱ्याउने कारण सम्बन्धीको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एउटै कक्षामा अनुत्तिर्ण हुनु | १३ | ४३.३३ |
| २. | कमजोर आर्थिक अवस्था | २६ | ८६.६७ |
| ३. | अभिभावकको चेतनाको स्तर कम हुनु | २५ | ८३.३३ |
| ४. | पढाईप्रतिको सकारात्मक धारणा नहुनु | १० | ३३.३३ |

| | | | |
|---|---|---|---|
| ५. | अभिभावकले पर्याप्त समय नदिनु | १० | ३३.३३ |
| ६ | सार्वजनिक विद्यालयमा पढाईको स्तर कमजोर हुनु | १४ | ४६.६८ |
| ७. | समयमा नै पाठ्य पुस्तक उपलब्ध नहुनु | ७ | २३.३३ |
| ८. | शिक्षकको भेदभाव पूर्ण व्यवहार हुनु | ३ | १०.०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

प्रस्तुत सर्वेक्षणलाई विश्लेषण गर्दा दलित विद्यार्थीहरूले कक्षा छाड्ने र दोहोऱ्याउने प्रमुख कारणहरूमा कमजोर आर्थिक अवस्था हुनु र अभिभावको चेतना स्तर कम हुनुरहेका छन् । त्यस्तै दलित विद्यार्थीहरूले कक्षा छोड्ने र दोहोऱ्याउने अन्य कारणहरूमा सार्वजनिक विद्यालयमा पढाइको स्तर कमजोर हुनु, एउटै कक्षामा बारम्बार अनुत्तिर्ण हुनु, अभिभावकले प्रर्याप्त समय नदिनु, पढाईप्रतिको सकारात्मक धारणा नहुनु, समयमा नै पाठ्यपुस्तक उपलब्ध नहुनु र शिक्षकको भेदभावपूर्ण व्यवहार हुनु रहेका छन् ।

**शैक्षिक समस्या समाधानको उपायहरू**

माथि प्रस्तुत गरिएका शैक्षिक समस्याहरूलाई समाधान गर्ने उपायहरूको खोजीको लागिप्रश्नावली मार्फत् १० जना शिक्षक र २० जना अभिभावकले दिएको उत्तरका आधारमा शैक्षिक समस्या समाधानको उपायहरू प्रस्तुत गरिएको छ ।

| क्र. सं. | शैक्षिक समस्या समाधानको उपायहरू सम्बन्धी धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | रोजगारी तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने | २९ | ९६.६७ |
| २. | चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने | २५ | ८६.३३ |
| ३. | पाठ्यपुस्तक समयमा नै  उपलब्ध गराउनु पर्ने | १० | ३३.३३ |
| ४. | छात्रवृत्ति तथा पुरस्कारको व्वस्था हुनु पर्ने | २० | ६६.६७ |
| ५. | माध्यमिक शिक्षालाई अनिवार्य तथा निःशुल्क गर्नुपर्ने | १४ | ४६.६७ |
| ६ | कमजोर विद्यार्थीहरूको लागि अतिरिक्त कक्षाको व्यवस्था हुनु पर्ने | १७ | ५६.६७ |
| ७. | भेदभावपूर्ण व्यवहारको अत्य गर्नु पर्ने | ३ | १०.०० |
| ८. | दलित मैत्री, शैक्षिक वातावरण निर्माण हुनु पर्ने | १२ | ४० |

प्रस्तुत सुझावहरूलाई मध्यनजर गर्दा रोजगारी तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने, चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने, छात्रवृत्ति तथा पुरस्कारको व्वस्था हुनु पर्ने, कमजोर विद्यार्थीहरूको लागि अतिरिक्त कक्षाको व्यवस्था हुनु पर्ने,

माध्यमिक शिक्षालाई अनिवार्य तथा निःशुल्क गर्नुपर्ने, दलित मैत्री, शैक्षिक वातावरण निर्माण हुनु पर्ने, भेदभावपूर्ण व्यवहारको अन्त्य गर्नु पर्ने देखिन्छ ।

## ५.४ दलितहरूको आर्थिक तथा शैक्षिक असमानता (Economic and Educational Inquality of Dalit)

दलितहरू बिचको आर्थिक तथा शैक्षिक असमानता पत्ता लगाउन जातिगत आधारमा वार्षिक आयको स्थिति, जातिगत आधारमा भूमिको वितरण, जातिगत रूपमा भर्ना भएका बालबालिकाको विवरण, दलित बालबालिकाहरूको शैक्षिक परिणाम र माध्यमिक तहको प्रवाहदर प्रस्तुत गरिएको छ ।

### ५.४.१ जातिगत आधारमा बार्षिक आम्दानीको स्थिति (The Situation of Annual Income on the Basis of Caste)

इन्द्रपुर गा.वि.स.का दलितहरूको आर्थिक असमानताको अध्ययन गर्नका लागि उनिहरूको बार्षिक आम्दानीलाई पनि आधार मानिएको छ । विभिन्न आम्दानीका स्रोतबाट प्राप्त बार्षिक आम्दानीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१५**

**इन्द्रपुर गा.वि.स.का दलितहरूको बार्षिक आम्दानी विवरण, २०६९**

| आम्दानी विवरण | दलित घरपरिवार संख्या | | | | | | | | जम्मा घर संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | कामी | दमाई | सार्की | मुसहर | धोवी | वाँतर | तत्मा | डोम | |
| रू.३०,००० भन्दा कम | ९ | ८ | ११ | ४ | ३ | २ | २ | २ | ४१ |
| रू.३०–४० हजार | १ | ३ | ४ | ० | ० | ० | ० | ० | ८ |
| रू.४०–५० हजार | ८ | ७ | २ | १ | ० | ० | ० | ० | १८ |
| रू.५० भन्दा माथि | १४ | ६ | ३ | ० | ० | ० | ० | ० | २३ |
| जम्मा | ३२ | २४ | २० | ५ | ३ | २ | २ | २ | ९० |

स्रोत: स्थलगत सर्वेक्षण, (२०७०) ।

तालिका ५.१५ मा इन्द्रपुर गा.वि.स.मा बसोवास गर्ने दलित घरपरिवारको बार्षिक आम्दानी विवरणलाई प्रस्तुत गरिएको छ । जस अनुसार नमुना छनौटमा समावेश धोवी, तत्मा, बाँतर, डोम जातीका सबै घरपरिवारको बार्षिक आम्दानी रू.३०,०००। भन्दा कम रहेको पाईयो । त्यस्तै नमुना छनौटमा समावेश ३२ घर कामीजातिहरू मध्ये रू.३०,००० भन्दा कम बार्षिक आम्दानी गर्ने ९ घरपरिवार,रू.३०–४० हजार बार्षिक आम्दानी गर्ने १ घरपरिवार, रू.४०–५० हजार बार्षिक आम्दानी गर्ने ८ घरपरिवार र ५० हजार भन्दामाथि बार्षिक आम्दानी गर्ने १४ घरपरिवार रहेको पाईयो । त्यस्तै गरी दमाई जातिका रू.३० हजारभन्दा कम बार्षिक आम्दानी गर्ने घरपरिवार संख्या ८, रू.३०–४० हजार बार्षिक आम्दानी गर्ने ३ घरपरिवार, रू.४०–५० हजार बार्षिक आम्दानी गर्ने ७ घरपरिवार र ५० हजारभन्दा माथि बार्षिक आम्दानी गर्ने ६ घरपरिवार रहेका छन । त्यस्तै गरी सार्की जातिका रू.३० हजारभन्दा कम बार्षिक आम्दानी गर्ने घरपरिवार संख्या ११ रहेको छ, रू.३०–४० हजारसम्म बार्षिक आम्दानी गर्ने घरपरिवार संख्या ४, रू.४०–५० हजार बार्षिक आम्दानी गर्ने २ घरपरिवार रहेको छ भने रू.५० हजारभन्दा माथि बार्षिक आम्दानी गर्ने ३ घरपरिवार रहेका छन । नमुनामा समावेश मुसहर जातिको ५ घरपरिवार मध्ये रू.३० हजारभन्दा कम बार्षिक आम्दानी गर्ने घरपरिवार संख्या ४, र रू.३०–४० हजार बार्षिक आम्दानी गर्ने घरपरिवारको संख्या १ मात्रै रहेको पाईयो । यसरी माथिको तालिकालाई हेर्दा इन्द्रपुर गा.वि.स.मा रहेका दलित जातिहरू मध्ये कामी जातिको बार्षिक आम्दानी सबै भन्दा राम्रो रहेको देखिन्छ भने धोबी, बाँतर, तत्मा, डोम जस्ता जातिहरूको बार्षिक आम्दानी कम देखिन्छ ।

इन्द्रपुर गा.वि.स.का दलितहरुको वार्षिक आम्दानीको असमानतालाई अझ स्पष्ट पार्न निम्नानुसारको तथ्याङ्क प्रस्तुत गरिन्छ ।

**तालिका ५.१६**


**इन्द्रपुर गाविसका दलितहरुको वार्षिक आम्दानी वितरण, २०६९**

| आम्दानी ( हजारमा) | संचित आम्दानी | संचित आम्दानी प्रतिशत | जनसंख्या | सञ्चित जनसंख्या | सञ्चित जनसंख्या प्रतिशत |
|---|---|---|---|---|---|
| २० | २० | १० | ४१ | ४१ | ४५.५ |
| ३० | ५० | २५ | ६ | ४७ | ५२.२ |
| ४० | ९० | ४५ | १२ | ५९ | ६५.५ |
| ५० | १४० | ७० | २४ | ८३ | ९२.२ |
| ६० | २०० | १०० | ७ | ९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७०) ।

माथिको तालिकामा इन्द्रपुर गाविसका दलितहरुको वार्षिक आम्दानी र जनसंख्यालाई प्रस्तुत गरिएको छ । जसअनुसार नमुनामा परेका ४५.५ प्रतिशत सञ्चित जनसंख्याले १० प्रतिशत मात्र सञ्चित आम्दानी प्राप्त गरेका छन् । त्यस्तै ५२.२ प्रतिशत सञ्चित जनसंख्याले २५ प्रतिशत आम्दानी प्राप्त गरेका छन् भने ६५.५ प्रतिशत सञ्चित जनसंख्याले ४५ प्रतिशत सञ्चित आम्दानी प्ाप्त गरेका छन् र ९२.२ प्रतिशत सञ्चित जनसंख्याले ७० प्रतिशत सञ्चित आम्दानी प्राप्त गरेका छन् । यसरी उक्त तालिकाबाट इन्द्रपुर गाविसका दलितहरु बीचको आम्दानी वितरणमा ठूलो असमानता छ भन्ने कुरा प्रष्ट हुन्छ जसलाई लोरेन्ज वक्र (Lorenz Curve) का सहायताले अझ स्पष्ट पार्न सकिन्छ ।

चित्र ५.५




माथिको लोरेन्ज वक्र अनुसार कुल वार्षिक आम्दानीलाई O-Y अक्षमा र सञ्चित जनसंख्यालाई O-X अक्षमा राखिएको छ । जस अनुसार इन्द्रपुर गाविसका दलितहरुको वार्षिक आम्दानी वितरणमा ठूलो असमानता रहेको प्रष्ट देखिन्छ ।

### ५.४.२ जातिगत आधारमा भूमिको वितरण (Land Distribution on the Basis of Caste)

इन्द्रपुर गा.वि.स.का धेरै दलितहरू भूमिहिन (सुकुम्बासी) रहेका छन । यस गा.वि.स.को नमुना छनौटमा समावेश दलित घरपरिवारको भूमिको वितरण सम्बन्धीको तथ्याङ्कल्ाई तलको तालिकामा देखाईएको छ ।

**तालिका ५.१७**

**इन्द्रपुर गा.वि.स.का दलितहरूको भूमि सम्बन्धी वितरण, २०६९**

| भूमिको आकार | दलित घरपरिवार संख्या | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | कामी | दमाई | सार्की | मुसहर | धोवी | वाँतर | तत्मा | डोम | घर संख्या |
| भूमिहिन | ८ | ११ | ९ | ३ | २ | २ | २ | २ | ३९ |
| ५ धुर–१०धुर | ६ | ७ | ७ | २ | १ | ० | ० | ० | २३ |
| ११ धुर–१९धुर | ७ | ४ | ४ | ० | ० | ० | ० | ० | १५ |
| १ कट्ठा वा सो भन्दा माथि | ११ | २ | ० | ० | ० | ० | ० | ० | १३ |

स्रोतः स्थलगत सर्वेक्षण, (२०७०) ।

तालिका ५.१७ मा इन्द्रपुर गा.वि.स.का दलितहरूको भूमि सम्बन्धिको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । जसअनुसार बातर, तत्मा, डोम जस्ता दलित जातिहरूका सबै घरपरिवार भूमिहिन (सुकुम्बासी) रहेको पाईयो । अन्य दलित जातिहरू कामी, दमाई, सार्की, मुसहर, धोबी जातिहरूको पनि क्रमशः ८, ११, ९, ३ र २ घरपरिवार भूमिहिन रहेको पाईयो । त्यस्तै गरी ५–१० धुर सम्म भूमिहुने जातिहरूमा कामी जातिका ६ घरपरिवार, दमाई जातिका ७ घरपरिवार, सार्की जातिका ७ घरपरिवार, मुसहर जातिका २ घरपरिवार र धोबी जातिको १ घरपरिवार रहेको छ । ११–१९ धुर भूमिहुने दलित जातिहरूमा कामी जातिका ७ घरपरिवार, दमाई र सार्की जातिका ४/४ घरपरिवार रहेका छन । १ कट्ठा वा सो भन्दा माथि भूमिहुने दलित जातिहरूमा कामी जातिका ११ घरपरिवार र दमाई जातिका २ घरपरिवार मात्र रहेका छन । यसरी यो तथ्याङ्कलाई हेर्दा कामी जातिहरूमा सबैभन्दा बढी भूमिको वितरण भएको पाईयो ।

### ५.४.३ जातिगत रूपमा भर्ना भएका दलित विद्यार्थीहरूको विवरण (Detail of Dalit Children Enrolled on the Basis of Caste)

नमूना छनौटमा परेका ९० जना दलित घरपरिवारका ५८ जना बालबालिकाहरू अध्ययन क्षेत्रकै दुई वटा विद्यालयमा भर्ना भएका छन् । यिनै दुई वटा विद्यालयका सुकुना उ.मा.वि. र महेन्द्र मा.वि. को अभिलेखलाई आधार मानेर जातिय रूपमा विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको विवरण निम्नानुसार पाइयो ।

**तालिका ५.१८**

**जातिगत रूपमा भर्ना भएका दलित विद्यार्थीहरूको विवरण, २०६९**

| कक्षा | जातिगत समूह | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कामी | दमाई | सार्की | मुसहर | धोवी | बाँतर | तरमा (दास) | डोम | कुल विद्यार्थी |
| ९ | ७ | ६ | ४ | २ | ३ | २ | १ | - | २५ |
| १० | ११ | ९ | ६ | ३ | २ | २ | - | - | ३३ |


स्रोत : विद्यालय अभिलेख, (२०६९) ।

तालिका ५.१८ मा विभिन्न जाति अनुसार विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको संख्या देखाइएको छ । जस अनुसार कक्षा ९ मा संख्यात्मक रूपमा सबै भन्दा बढी कामी जातिका ७ जना विद्यार्थीहरू भर्ना भएका छन् । त्यस्तै दोस्रो स्थानमा दमाई जातिका ६ जना विद्यार्थीहरू भर्ना भएका देखिन्छन् भने तेस्रो स्थानमा सार्की जातिका ४ जना विद्यार्थीहरू भर्ना भएका छन् । धोवी, बाँतर २ जना जातिका भने क्रमश ३, २ र १ जना विद्यार्थीहरू भर्ना भएका देखिन्छ । डोम जातिका भने कुनै पनि विद्यार्थी भर्ना भएको देखिदैन यसरी कक्षा ९ मा जम्मा २५ जना विद्यार्थी भर्ना भएको देखिन्छ ।

त्यस्तै कक्षा १० मा कामी जातिका ११ जना, दमाई जातिका ९ जना, सार्की जातिका ६ जना, मुसहर जातिका ३ जना, धोबी र बाँतर जातिका २/२ जना विद्यार्थीहरू भर्ना भएको देखिन्छ भने तरमा र डोम जातिका विद्यार्थीहरूको भर्ना शुन्य पाइयो । यसरी कक्षा १० मा ६ वटा दलित जातिका ३३ जना विद्यार्थीहरू भर्ना भएको देखिन्छ ।

चित्र ५.६

जातिगत रूपमा भर्ना भएका दलित विद्यार्थीहरूको विवरण, २०६९




प्रस्तुत स्तम्भलाई हेर्दा सबैभन्दा बढी कामी जातिका विद्यार्थीहरू भर्ना भएको देखिन्छ । दोस्रो स्थानमा दमाई जातिका विद्यार्थीहरू भर्ना भएको पाइन्छ भने डोम जातिका कुनै पनि विद्यार्थीहरू कक्षा ९ र १० मा भर्ना भएको देखिदैन ।

### ५.४.४ दलित बालबालिकाहरूको शैक्षिक परिणाम सम्बन्धी विवरण (Detail of the Educational Result of Dalit Children)

अध्ययन क्षेत्रका दलित बालबालिकाहरूको उपलब्धि स्तरलाई तुलना गर्नका लागि उनीहरूको कक्षा ९ र १० को बार्षिक परीक्षामा प्राप्त गरेको नतिजालाई आधार बनाइएको छ । विभिन्न दलित बालबालिकाहरूको शैक्षिक उपलब्धिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ५.१९

### दलित बालबालिकाहरूको शैक्षिक परिणाम सम्बन्धी विवरण, २०६९

| क.स. | जाति | कक्षा ९ | | | कक्षा १० | | | जम्मा उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | भर्ना संख्या | उत्तीर्ण | अनुत्तीर्ण | भर्ना संख्या | उत्तीर्ण | अनुत्तीर्ण | |
| १. | कामी | ७ | ५ | २ | ११ | ६ | ५ | ६१.१ |
| २. | दमाई | ६ | ३ | ३ | ९ | ५ | ४ | ५३.३ |
| ३. | सार्की | ४ | २ | २ | ६ | ३ | ३ | ५०.० |
| ४. | मुसहर | २ | १ | १ | ३ | १ | २ | ४०.० |
| ५. | धोवी | ३ | १ | २ | २ | १ | १ | ४० |
| ६ | बाँतर | २ | ० | २ | २ | ० | २ | ० |
| ७ | तत्मा | १ | ० | १ | ० | ० | ० | ० |
| ८ | डोम | ० | ० | ० | ० | ० | ० | ० |

स्रोत : विद्यालय अभिलेख, (२०६९) ।

तालिका ५.१९ मा विभिन्न दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धीलाई देखाइएको छ । जसअनुसार कामी जातिका बालबालिकाको उत्तीर्णदर सबैभन्दा बढी ६१.१ प्रतिशत रहेको छ । त्यसैगरी दोस्रो स्थानमा दमाई जातिका विद्यार्थीहरूको उत्तीर्णदर ५३.३ प्रतिशत रहेको छ भने तेस्रो स्थानमा सार्की जातिका विद्यार्थीहरूको उत्तीर्णदर ५० प्रतिशत रहेको छ । मुसहर र धोवी जातिका विद्यार्थीहरूको बराबर ४० प्रतिशत रहेको छ । बाँतर र तत्मा जातिको विद्यार्थीहरूको उपलब्धी भने शुन्य देखिन्छ ।

### ५.४.५ दलित बालबालिकाहरूको माध्यमिक तहको प्रवाहदर (The Flow Rate of Dalit Children in Secondary Level)

कुनै शैक्षिक सत्रको सुरूमा विद्यालय भर्ना भएका कूल विद्यार्थीहरू मध्ये त्यस वर्षको अन्तिम परीक्षामा कति उत्तीर्ण भए कतिले कक्षा छोडे र कति विद्यार्थीले अनुत्तीर्ण भएर पुनः कक्षा दोहोऱ्याए भनी निकालिने दरलाई प्रवादर भनिन्छ । नमूना छनौटमा परेका बालबालिकाहरूको शैक्षिक सत्र २०६९ को सुरूमा माध्यमिक तहमा भर्ना भएका बालबालिकाहरूको प्रवाहदर निम्न तालिकामा देखाइएको छ -

### तालिका ५.२०

### इन्द्रपुर गा.वि.स.का दलित बालबालिकाहरूको माध्यमिक तहको प्रवाहदर (कक्षा ९ र १०)

| क.स. | जाति | भर्ना भएका सङ्ख्या | उत्तीर्ण | | कक्षा दोहोऱ्याउने | | कक्षा छोड्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | कामी | १८ | ११ | ६१.१ | ५ | २७.८ | २ | ११.१ |
| २ | दमाई | १५ | ८ | ५३.३ | ४ | २६.७ | ३ | २०.० |
| ३ | सार्की | १० | ५ | ५०.० | ३ | ३०.० | २ | २०.० |
| ४ | मुसहर | ५ | २ | ४०.० | १ | २०.० | २ | ४०.० |
| ५ | धोवी | ५ | २ | ४०.० | २ | ४०.० | १ | २०.० |
| ६ | बाँतर | ४ | ० | ० | १ | २५.० | ३ | ७५.० |
| ७ | तत्मा | १ | ० | ० | ० | ० | १ | १०० |
| ८ | डोम | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ५८ | २८ | ४८.२८ | १६ | २७.५९ | | १४ | २४.१४ |

स्रोतः विद्यालय अभिलेख, (२०६९) ।

तालिका ५.२० मा दलित बालबालिकाहरूको माध्यमिक तहमा प्रवाहदर देखाइएको छ । जसअनुसार कक्षा उत्तीर्ण हुनेहरूमा कामी जातिका विद्यार्थीहरू सबैभन्दा बढी छन् भने बाँतर र तत्मा जातिका विद्यार्थीहरूको उत्तीर्णदर शून्य छ ।

# अध्याय : छ (CHAPTER : SIX)

# ६. सारांश, निष्कर्ष र सुझावहरू (Summary, Conclusions and Recommendations)

यस अध्यायमा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

## ६.१ सारांश (Summary)

नेपालमा राजा जयस्थिती मल्लले पेशाको आधारमा छुट्टाएको जातिय प्रथाले विकृत रूप लिइ अहिलेसम्म जरो गाडेर बसेको देखिन्छ । समाजमा अहिले पनि ठुलो जात र सानो जात जस्ता संकिर्ण विचार व्याप्त छ । यहि जातिय प्रथाभित्र पिल्सिएको समुदाय दलित समुदाय नै हो ।

दलित समुदाय आर्थिक,सामजिक तथा शैक्षिक रूपमा पछाडि परेको छ । आर्थिक रूपमा दलितहरूको अवस्था निकै कमजोर छ । सामाजिक रूपमा भेदभावपूर्ण जिवन बिताउन बाध्य पारिएका छन । शिक्षा आर्जनमा पनि उनिहरू अन्य समुदायभन्दा पछाडि नै देखिन्छन । विशेषतः गरिबी र तिरस्कारको चपेटामा परेका दलितहरू न्यूनस्तरको जिवन बिताउन बाध्य देखिन्छन ।

नेपालका दलितहरू देशैभरी नै छरिएर बसेका छन । मोरङ जिल्लाको इन्द्रपुर गा.वि.स.का दलितहरूमा केन्द्रित यस अध्ययनको उद्देश्य इन्द्रपुर गा.वि.स.का दलितहरूको आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्नु र यिनिहरू विचकै शैक्षिक तथा आर्थिक असमानताको तुलना गर्नु रहेको थियो । नमुना छनौट गर्दा प्रत्येक दलित जातिबाट कम्तिमा २० प्रतिशत घरपरिवार पर्नेगरी गोला प्रथा विधिद्वारा घरपरिवारलाई छनौट गरिएको छ । नमुना छनौट कै क्रममा इन्द्रपुर गा.वि.स.का दुईवटा सामुदायिक माध्यमिक विद्यालयहरू श्री सुकुना उ.मा.वि. र श्री महेन्द्र मा.वि.लाई छनौट गरिएको छ । शैक्षिक तथ्याङ्क संकलनका लागि यी दुवै विद्यालयका प्रधानाध्यापक र माध्यमिक तहमा अध्यापन गर्ने ४/४ जना शिक्षकलाई समावेश गरिएको छ ।

इन्द्रपुर गा.वि.स. मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिब २६ कि.मि. उत्तरमा अवस्थित नगरोन्मुख गा.वि.स. हो । यहाँको जम्मा जनसंख्या २६,१४२ रहेको छ । जसमध्ये दलितहरूको जनसंख्या २,००२ (७.६६ प्रतिशत) रहेको छ । आर्थिक रूपमा सक्रिय दलितहरूको जनसंख्या ५२ प्रतिशत रहेको छ भने निश्क्रिय दलितहरूको जनसंख्या ४८ प्रतिशत रहेको छ ।

इन्द्रपुर गा.वि.स.का अधिकांश दलित जातिहरू संयुक्त परिवारमा बस्दछन । जहा ४ जनासम्मको घरपरिवार हुने दलितहरू ३४.४ प्रतिशत, ५–६ जना सम्म घरपरिवारको संख्या हुने ४१.१ प्रतिशत र ७ जना र सो भन्दा माथि घरपरिवारको संख्या हुने २४.५ प्रतिशत रहेका छन ।

पेशा व्यवसायका आधारमा यस गा.वि.स.मा सबै भन्दा बढी(४१.१ प्रतिशत) मजदुरी गर्ने दलितहरू रहेका छन । बैदेशिक रोजगारीलाई मुख्य व्यवशाय ठान्ने दलितहरू २२.२ प्रतिशत रहेका छन । परम्परागत रूपमा अगाल्दै आएका पेशाहरू (आरान, टेलरिङ, लुगा धुने र ट्वाइलेट सफा गर्ने) पनि यहाँ दलितहरूले गर्दै आएका छन् । कुनै पनि परिवारको आर्थिक तथा शैक्षिक पक्षमा भूमि/जग्गाको वितरणले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । अध्ययन क्षेत्रमा भूमिको वितरण सम्बन्धी तथ्याङ्कलाई हेर्दा ४३.३ प्रतिशत घरपरिवार भूमिहिन (सुकुम्बासी) रहेको देखिन्छ । ५ देखि १० धुर भूमि हुने घरपरिवारको संख्या २५ प्रतिशत रहेको पाईयो । ११ देखि १९ धुर सम्म भूमि हुने घरपरिवारको संख्या १६.७ प्रतिशत रहेको छ । १ कट्ठा वा सो भन्दा माथि भूमि हुने घरपरिवारको संख्या १४.४ प्रतिशत रहेको देखिन्छ । घरपालुवा जनवारहरूमा अधिकांश दलितहरूले बाख्रा,खसी,सुँगुर र गाई गोरू पालेको पाईयो । १ बर्ष सम्म खाद्यन्न पुग्ने घरपरिवार २० प्रतिशत रहेको छ भने बचत गर्न सक्ने घरपरिवार संख्या २५.७ प्रतिशत रहेको देखिन्छ ।

यस अध्ययन क्षेत्रमा बसोवास गर्ने घरपरिवारको आम्दानी भन्दा खर्चको अवस्था बढी देखिन्छ । अध्ययन क्षेत्रको बार्षिक आय विवरणमा ३० हजार भन्दा कम आय गर्ने घरपरिवार ४५.६ प्रतिशत, ३०–४० हजार आय भएका घरपरिवार ८.९ प्रतिशत रहेका छन । त्यसै गरी बार्षिक ४०–५० हजार आम्दानी गर्ने घरपरिवार २० प्रतिशत र ५० हजार भन्दा बढी बार्षिक आम्दानी हुने घरपरिवार संख्या २५ प्रतिशत रहेका छन । व्यय

तर्फ बार्षिक ३० हजार भन्दा कम खर्च गर्ने परिवार संख्या ३७.८ प्रतिशत रहेको छ । त्यस्तै ३०–४० हजार खर्च गर्ने परिवार संख्या १५.५ प्रतिशत, ४०–५० हजार खर्च गर्ने १८.९ प्रतिशत रहेका छन भने ५० हजार भन्दा बढी बार्षिक खर्च गर्ने घरपरिवार संख्या २७.८ प्रतिशत रहेको देखिन्छ ।

यस अध्ययन क्षेत्रको शैक्षिक अवस्थालाई केलाउँदा साक्षरहरूको जनसंख्या ५१.९ प्रतिशत छ । जसमा महिला ४६.३ प्रतिशत र पुरूष ५७.६ प्रतिशत साक्षर रहेका छन । तहगत शैक्षिक अवस्थामा उच्च शिक्षा हाँसिल गर्ने ३ प्रतिशत, उच्च माध्यमिक तह हाँसिल गर्ने ६.३ प्रतिशत,एस.एल.सी. उत्रिर्ण हुने १८.१ प्रतिशत र एस.एल.सी. भन्दा कम र साधरण गरी ७२.६ प्रतिशत रहेका छन ।

अध्ययन क्षेत्रका दलित बालवालिकाहरूको माध्यमिक तहको शैक्षिक स्थितिमा माध्यमिक तहको उमेर समुह(१४–१५बर्ष) मा ३० जना र माध्यमिक तहको उमेर समुहभन्दा माथि (१६–१८बर्ष) का ४४ जना वालबालिका गरी कुल ७४ जना रहेका छन भने माध्यमिक तहमा भर्ना भएका माध्यमिक विद्यालय उमेर समुह (१४–१५ बर्ष)का २५ जना र उमेर समुह भन्दा बढी (१६–१८बर्ष) का ३३ जना गरी कुल ५८ जना वालबालिकाहरू विद्यालयमा भर्ना भएका छन । माध्यमिक तहको उमेर समुह(१४–१५बर्ष) का ५ जना र उमेर समुह भन्दा बढी (१६–१८बर्ष) का ११ जना गरी कुल १६ जना वालबालिकाहरू विद्यालयमा पढ्ने अवसरबाट बञ्चित रहेको देखिन्छ ।

अध्ययन क्षेत्रका दलितहरू वीचको आर्थिक असमानतालाई विश्लेषण गर्दा बार्षिक आय र भूमि वितरण सम्बन्धीको तथ्याङ्क लाई आधार बनाईएको छ । जुन तथ्याङ्क अनुसार दलितहरु बीचको आम्दानी वितरणमा ठूलो असमानता रहेको छ सबै भन्दा बढी बार्षिक आम्दानी गर्ने र सबै भन्दा बढी भूमि/जग्गा भएको जातिमा कामी जाति पर्दछ । त्यस्तै दोस्रो र तेस्रो स्थानमा क्रमशः दमाइ र सार्की जाति पर्दछन । मुसहर, धोवी, वाँतर, तत्मा र डोम जातिमा भूमिको वितरण कम र बार्षिक आय पनि कम भएको देखिन्छ ।

अध्ययन क्षेत्रका दलितहरू वीचको शैक्षिक असमानता लाई केलाउँदा बार्षिक आम्दानी बढी हुने र भूमिको मात्रा बढी हुने जातिकै वालबालिकाहरूको शैक्षिक उपलब्धी

बढी देखिन्छ। जसमा कामी जातिका वालबालिकाहरू पहिलो स्थानमा पर्दछन भने दोस्रो र तेस्रो स्थानमा क्रमशः दमाइ र सार्की जातिका वालबालिकाहरू पर्दछन। मुसहर, धोवी, वाँतर, तत्मा र डोम जातिका बालबालिकाहरूको शैक्षिक उपलब्धी भने नाजुक देखिन्छ।

## ६.२ निष्कर्ष (**Conclusion**)

मोरङ जिल्लाको इन्द्रपुर गा.वि.स.को कुल जनसंख्या २६,१४२ रहेको छ। जसमा दलितहरूको कुल जनसंख्या (२००२) रहेका छन् भने कुल दलित घरपरिवार संख्या ४४९ रहेको छ। जसमध्ये सबै दलित जातिहरूबाट २० प्रतिशत पर्ने गरी ९० घरपरिवारलाई गोलाप्रथा विधिबाट नमुना छनोट गरिएको छ। यी छनौटमा परेका दलित घरपरिवार को शैक्षिक तथा आर्थिक अवस्था पत्ता लगाउने र यी दलित जातिहरू वीचको शैक्षिक तथा आर्थिक असमानताको तुलना गर्नका लागि यसै गा.वि.स.मा अवस्थित श्री सुकुना उ.मा.वि. र श्री महेन्द्र मा.वि.लाई नमुनामा लिइएको छ। यस अध्ययनको निष्कर्ष निम्नानुसार रहेको छ।

यस अध्ययन क्षेत्रमा सक्रिय जनशक्ति (१५–५९ बर्ष) को सङ्ख्या ५२ प्रतिशत रहेको छ। सबै भन्दा बढी घरपरिवारका सदस्य सङ्ख्या हुने घरपरिवार (५–६ जना सम्म) ४१.१ प्रतिशत रहेको छ। त्यस्तै गरी सबै भन्दा कम घरपरिवारका सदस्य सङ्ख्या हुने घरपरिवार (७ जना वा सो भन्दा माथि) २४.५ प्रतिशत रहेको छ। समग्रमा दलितहरू संयुक्त परिवारमा बसोवास गर्दछन।

दलित घरपरिवारको मुख्य पेशा मजदुरी हो। जहाँ ४१.१ प्रतिशत मानिसहरू मजदुरी गर्दछन। दलितहरूको दोस्रो पेशाको रूपमा वैदेशिक रोजगारी रहेको छ। जसमा २२.२ प्रतिशत मानिसहरू संलग्न छन। दलितहरूको तेस्रो स्थानमा आउँने पेशा टेलरिङ हो जहाँ ९ प्रतिशत दलितहरू संलग्न छन। पर्याप्त कृषि भूमि दलितहरू सँग नभएकोले ३.३ प्रतिशत दलितहरू मात्र कृषि पेशामा आवद्ध छन।

नमुनामा परेका दलित घरपरिवारको भूमिको स्वामित्व न्युन छ। कुल दलितहरू मध्ये ४३.३ प्रतिशत दलितहरू भूमिहिन/सुकुम्बासी रहेका छन। घडेरी मात्र हुने दलित घरपरिवारहरू ७१.७ रहेका छन भने १ कट्टा वा सो भन्दा बढी भूमि हुने दलितहरू १४.४ प्रतिशत मात्र रहेको देखिन्छ।

अध्ययन क्षेत्रका दलित घरपरिवारमा खाद्यान्न (अभाव) अपुग देखिन्छ । सुकुम्बासीहरूको सङ्ख्या ४३.३ प्रतिशत छ भने बचत गर्न सक्ने २५.७ प्रतिशत मात्र रहेका छन ।

अध्ययन क्षेत्रमा आम्दानी भन्दा बढि खर्च गर्ने घरपरिवार सङ्ख्या बढी देखिन्छ । बार्षिक आय व्यय विवरण अन्तर्गत बार्षिक आम्दानी ३० हजार भन्दा कम गर्ने घरपरिवारको संख्या अधिक (४५.६ प्रतिशत) छ । त्यस्तै बार्षिक ३०–४० हजार बार्षिक आय हुने घरपरिवार सङ्ख्या ८.९ प्रतिशत छ । त्यस्तै गरी ४०–५० हजार बार्षिक आय हुने घरपरिवार २० प्रतिशत रहेका छन भने ५० हजार भन्दा बढी बार्षिक हुने घरपरिवार संख्या २५.५ प्रतिशत छ । त्यस्तै व्यय तर्फ बार्षिक ३० हजार सम्म व्यय हुने घरपरिवार सङ्ख्या ३७.८ प्रतिशत छ । त्यस्तै ३०–४० हजार बार्षिक खर्च गर्ने १५.५ प्रतिशत , ४०–५० हजार बार्षिक खर्च गर्ने १८.९ प्रतिशत र ५० हजार भन्दा बढी खर्च गर्ने घरपरिवार संख्या २७.८ प्रतिशत रहेको छ ।

अध्ययन क्षेत्रका दलितहरूको साक्षरता प्रतिशत सन्तोषजनक रहेको पाइदैन । यहाँको साक्षरता प्रतिशत ५१.९ प्रतिशत रहेको छ । पुरूषहरू ५७.६ प्रतिशत र महिलाहरू ४६.३ प्रतिशत साक्षर रहेका छन । यो स्थिति इन्द्रपुर गा.वि.स.का कुल साक्षरता ८५.०५ प्रतिशतको तुलनामा कम रहेको छ ।

नमुनामा समावेश दलितहरूको तहगत शैक्षिक अवस्था सन्तोषजनक छैन । उच्च शिक्षा हाँसिल गर्ने ७, जना उच्च माध्यमिक तह हाँसिल गर्ने १५ जना, एस. एल. सी. गर्ने ४३ जना मात्र र साधारण १७२ जना रहेका छन ।

दलित बालवालिकाहरूको खुद भर्नादर ७८.३७ प्रतिशत छ । अध्ययन क्षेत्रमा २१.६ प्रतिशत बालवालिकाहरू विद्यालय जानबाट बञ्चित छन ।

अध्ययन क्षेत्रका दलितजातिहरू वीचको आर्थिक असमानता को विश्लेषण गर्दा इन्द्रपुर गा.वि.स.मा बसोवास गर्ने ८ किसिमका दलित जातिहरूमा आर्थिक असमानताको ठुलो खाडल देख्न सकिन्छ । यी जातिहरू मध्ये कामी जातिको सबैभन्दा राम्रो आर्थिक स्थिति भएको देखिन्छ । त्यसपछि दमाइ र सार्की क्रमशः दोस्रो र तेस्रो

स्थानमा आउँछन । मुसहर ,धोवी, वाँतर, तत्मा र डोम जातिको आर्थिक अवस्था भने नाजुक रहेको पाइन्छ ।

अध्ययन क्षेत्रका दलितहरू मध्ये शैक्षिक अवस्थामा पनि कामी जाति सबै भन्दा अगाडी रहेको देखिन्छ । दोस्रो र तेस्रो स्थानमा भने दमाइ र सार्की जातिहरू पर्दछन । आर्थिक अवस्था जस्तै शैक्षिक क्षेत्रमा पनि मुसहर,धोवी,वाँतर,तत्मा र डोम जातिहरूको अवस्था नाजुक नै देखिन्छ ।

आर्थिक अवस्था राम्रो भएका जातिहरू कामी दमाई र सार्की जातिका बालवालिकाहरूको शैक्षिक उपलब्धी पनि राम्रो देखिन्छ ।

## ६.३ सुझावहरू (Recommendations)

इन्द्रपुर गा.वि.स का दलितहरूको शैक्षिक तथा आर्थिक अध्ययनको अवस्थाको अध्ययनबाट प्राप्त परिणामलाई दृष्टिगत गर्दा दलितहरूको शैक्षिक तथा आर्थिक अवस्था कमजोर र दलितहरूबिचको शैक्षिक तथा आर्थिक असमानता छ भन्ने कुरा स्पष्ट हुन्छ । दलितहरूलाई आर्थिक रूपमा सबल शैक्षिक रूपमा सक्षम बनाउनका साथै दलितहरू बिचको शैक्षिक तथा आर्थिक असमानता घटाउन निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ :

१) अध्ययन क्षेत्रको दलित बालबालिकाहरूको अभिभावकको प्रमुख पेशााको रूपमा मजदुरी छ, जुन अन्य पेशामा जस्तो वर्षभरी काम गर्न नपाइने हुँदा उनीहरूलाई सीपमूलक तालिम प्रधान गरी वर्ष भरी आय आर्जन गर्ने स्वरोजगारमुलक कार्यमा अगाडि बढाउनु पर्ने देखिन्छ ।

२) भूमिहिन सुकुम्वासी ४३.३ प्रतिशत घरपरिवारलाई सरकारी क्षेत्रबाट भूमि प्रदान गरी आय-आर्जनमूलक कार्यक्रमतर्फ अगाडि बढाउनु पर्ने देखिन्छ ।

३) अध्ययन क्षेत्रका ४८.८ प्रतिशत निरक्षर घर दलित घरपरिवारलाई साक्षर बनाउने खालको प्रौढ तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

४) दलित विद्यार्थीहरूलाई विद्यालयमा आकर्षण गर्ने विशेष छात्रवृत्ति, पोशाक, खाजाभत्ता लगायतका प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

५) अध्ययन क्षेत्रका दलितहरू बिच नै आर्थिक असमानताको ठूलो खाडल रहेकोले मुसहर, धोवी, वाँतर, तत्मा र डोम जस्ता जातिहरूलाई लक्षित गरी विशेष आय मुलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

६) दलित सम्बन्धी कार्यक्रम गर्ने निकायले मुशहर, धोवी, वाँतर, तत्मा र डोम जातिको शिक्षालाई लक्षित गरी छुट्टै कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू (References)


अधिकारी जगन्नाथ, (२०६६), *दमाई जातिको सामाजिक तथा आर्थिक अवस्था,* पोखरा : पृथ्वीनारयण क्याम्पस ।

कोइराला दुर्पता, (२०६३), *दलित जातिको आर्थिक-सामाजिक अवस्थाले प्राथमिक शिक्षामा पारेको प्रभाव,* कीर्तिपुर : अर्थशास्त्र शिक्षा विभाग ।

के.सी. सुरेन्द्र, (२०६३), *राज्यको पुर्नसंरचनामा दलित सहभागिता,* काठमाडौँः विद्यानाथ कोइराला, राजन खड्का र राजकुमार बराल

*गा. वि.स.को पार्श्वचित्र,* (२०६६), मोरङ : इन्द्रपुर गा.वि.स.

जोजीज्यु बिमल, (२०६८), *कामी जातिको सामाजिक तथा आर्थिक अवस्था,* पोखरा : पृथ्वीनारयण क्याम्पस ।

दलित मुक्ति (२०६३), काठमाडौं : नेपाल दलित मुक्ति मोचा ।

दलित सन्देश मासिक (२०७० असार), *दलितको शिक्षामा पहुँच र जनवादि शिक्षा,* काठमाडौं ।

न्यौपाने गोविन्द, (२००५), *नेपालको जातिय प्रश्न,* काठमाडौँः सेन्टर फर डेभलवमेन्ट स्टडिज नेपाल

नेपालका दलित समुदायको स्थिति (२०६०), काठमाडौंः राष्ट्रिय दलित आयोग ।

नेपालमा दलित मानवअधिकारको अवस्था २००४ र कानुनी व्यवस्था, (२०६१), काठमाडौँः जनउत्थान प्रतिष्ठान ।

नेपाल, राम (२०६७), दलितको शिक्षामा पहुँच र जनवादी शिक्षा, *दलित सन्देश मासिक* ( २०७० असार), काठमाडौंः पारु अफसेट प्रेस ।

पराजुली सुमित्रा, (२०६८), *दलित विद्यार्थीहरूको आर्थिक अवस्थाले माध्यमिक शिक्षामा पारेको प्रभाव,* कीर्तिपुर : अर्थशास्त्र शिक्षा विभाग ।

पाण्डेय मधुसुदन, (२०६२),*नेपालका दलितहरू,* काठमाडौँः पैरवी प्रकाशन एम हाउस ।

प्रश्रित मोदनाथ, (२०५८), *मानवताको कलकं जातपात र छुवाछुत प्रथा,* गुल्मीः किरण पुस्तकालय ।

बराल अरूण, (२०६७), *बाहुनवाद,* काठमाडौंः ब्रोदर्श न्यूज एजेन्सी ।

बस्नेत, सञ्जित कुमार (२०७१), *ग्रामीण नेपालमा गरिबीको अवस्था, कमलपुर गाविस, सप्तरी,* कीर्तिपुरः अर्थशास्त्र शिक्षा विभाग ।

बिश्वकर्मा मानबहादुर र बिश्वकर्मा चक्रमान (२०६५), *संघियतामा दलित,* काठमाडौंः दलित सेवा संघ केद्रिय कार्यालय

भट्टचन कृष्ण, सुनार तेज र भट्टचन र यशो कान्ति (२०६५), *नेपालमा जातिय भेदभाव,* काठमाडौंः NNF,NNDSWO, IIDS,IDSN.

मैनाली मोहन, (२००५), *समावेशी लोकतन्त्रका आधारहरू,* ललितपुरः हिमाल एसोसिएसन पाटन ढोका ।

लामिछाने दिपक, (२०६३), *दलित जातिको सामाजिक- आर्थिक अवस्था र प्राथमिक तथा निम्न माध्यमिक शिक्षामा यसको प्रभाव,* कीर्तिपुरः अर्थशास्त्र शिक्षा विभाग ।

सार्की विष्णुकुमारी, (२०६६), *दलित जातिको सामाजिक तथा आर्थिक अवस्थाले प्राथमिक शिक्षामा पारेको प्रभाव* । कीर्तिपुरः अर्थशास्त्र शिक्षा विभाग ।

सहिद गाथा, (२०६४), काठमाडौंः केन्द्रिय प्रकाशन विभाग नेपाल दलित मूक्तिमोर्चा ( एकीकृत)

संविधान सभा समक्ष प्रस्तुत सुझावहरू, (२०६६), *प्राकृतिक स्रोतका लागि दलित अधिकार मञ्च-डानार नेपाल* । वार्षिक प्रतिवेदन, (२०६८/ ०६९) काठमाडौंः राष्ट्रिय दलित आयोग ।

राष्ट्रिय जनगणना २०५८ (२०५८), काठमाडौंः केन्द्रिय तथ्याङ्क विभाग

Central Bureau of Statistic (2012), National population and Housings Census 2011, Government of Nepal, Central Bureau of Statistics.

Shrestha Saran Hari, (2004), *Economic GEOGRAPHY OF NEPAL, Kathmandu*:Educational Publishing House.

# परिशिष्ट (Appendices)

## परिशिष्ट - १

सूत्रहरू (१) लैङ्गिक अनुपात $= \frac{\text{पुरूष}}{\text{महिला}} \times १००$

(२) खुद भर्नादर $= \frac{\text{अध्ययन क्षेत्रका १४-१५ वर्षका विद्यार्थीहरू}}{\text{अध्ययन क्षेत्रका १४-१५ वर्षका कुल}} \times १००$

$= \frac{५८}{७४} \times १००$

= ७८.३७ प्रतिशत

नोट माध्यमिक तहको उमेर समूहका बालबालिका १४-१८ वर्षलाई मानिएको छ ।

## परिशिष्ट -२

१) पारिवारिक प्रश्नावली

घरमुलीको नाम थरः उमेरः

लिङ्गः वडा नं.:

(क) पारिवारिक शिक्षा तथा व्यावसाय सम्बन्धी विवरण-२०७०

<table>
<tr><td rowspan="3">क.सं.</td><td rowspan="3">उमेर</td><td rowspan="3">लिङ्ग</td><td colspan="7">शैक्षिक स्थिति</td><td rowspan="3">मुख्य व्यवसाय</td></tr>
<tr><td rowspan="2">साक्षर</td><td rowspan="2">निरक्षर</td><td colspan="5">औपचारिक शिक्षा</td></tr>
<tr><td>प्रा.वि.</td><td>नि.मा.वि.</td><td>मा.वि.</td><td>उ.मा.वि</td><td>उच्च शिक्षा</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

(ख) जग्गाको स्वामित्व, कृषि उत्पादन, पशुपंक्षि तथा आय-व्यय सम्बन्धी विवरणः२०७०

१. तपाईको आफ्नो जग्गा कति छ?

.................................................................................................................

२. तपाई आफ्नो वार्षिक आम्दानी कति गर्नु हुन्छ ?

| विवरण | परिमाण | सालाखाला मूल्य रू. |
|---|---|---|
| धान<br>गहुँ<br>मकै<br>तेलहन पदार्थ<br>अन्य | | |

जम्मा रू.

३. तपाईलाई आफ्नो आम्दानीले कति महिना खाना पुग्छ?

(क) ३ महिना (ख) ६ महिना (ग) ९ महिना

(घ) १ वर्ष (ङ) १ वर्षभन्दा बढि

आम्दानीले वर्ष भरी खान नपुगे के गर्नुहुन्छ ?

.........................................................................................

४. तपाईले पशुपंक्षी पाल्नु भएको छ?

(क) छ (ख) छैन्

छ भने त्यसको विवरण:

| पशु | संख्या | पंक्षी | संख्या |
|---|---|---|---|
| | | | |

५. तपाईको वार्षिक आम्दानी कति हुन्छ?

रू.........................................

६.तपाईको वार्षिक व्यय कति हुन्छ?

रू............................................

७.तपाईले निम्न शिर्षकमा वार्षिक कति खर्च गर्नुहुन्छ?

(क) खाद्यान्नमा रू........... (ख) शिक्षामा रू ...................

(ग) स्वास्थ्यमा रू............ (घ) लत्ताकपडामा रू................

(ङ) मनोरञ्जनमा रू............... (च) अन्यमा रू.....................

## परिशिष्ट -३

## शैक्षिक अवस्था सम्बन्धी दलित विद्यार्थीका अभिभावकलाई सोधिने

प्रश्नावली

(१) माध्यमिक तहमा विद्यालय जादै गरेका बालबालिकाहरूको विवरण: २०७०

| क.सं. | उमेर | कक्षा | लिङ्ग |
|---|---|---|---|
| | | | |

(२) तपाईका छोराछोरीहरू यस वर्ष अनुत्तिर्ण भएका छन् ?

(क) छन (ख) छैनन्

यदि छन भने कुन कुन कक्षामा?

| लिङ्ग / कक्षा | ९ | १० |
|---|---|---|
| छोरा<br>छोरी | | |

(३) अनुत्तिर्ण भएपछि उनीहरू के गरिरहेका छन् ?

(क) कक्षा दोहोऱ्याई रहेका (ख) विद्यालय छोडेका

(४) समय समयमा विद्यालय गई आफ्ना छोराछोरीको पढाइ बारेमा बुझ्ने गर्नु भएको छ ?

.............................................................................................................

(५) तपाईलाई समाजका अन्य जातजातिले कस्तो व्यवहार गर्ने गर्दछन् ?

क) सकारात्मक ख)नकारात्मक

(६) दलितहरूबीचको आपसी सम्बन्ध कस्तो रहेको छ ?

(७) तपाईको विचारमा तपाईको क्षेत्रमा भएका दलित जातिहरू मध्ये कुन जातिको शैक्षिक तथा आर्थिक अवस्था उच्च छ ?

(८) दलितहरूको शैक्षिक तथा आर्थिक अवस्था सुधार गर्न के गर्नुपर्ला ?

.............................................................................................................

## पशिष्टि -४

## प्रधानाध्यापकलाई सोधिने प्रश्नावली

विद्यालयको नाम: ठेगाना:

प्रधानाध्यापकको नाम: शैक्षिक योग्यता:

शिक्षण अनुभव:

१) विद्यालयको कक्षागत विद्यार्थी भर्ना विवरण-२०७०

| कक्षा | कुल विद्यार्थी | दलित विद्यार्थी | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कामी | दमाई | सार्की | मुसहर | धोवी | वाँतर | तत्मा (दास) | डोम |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |

२) कक्षा दोहोऱ्याउने कुल विद्यार्थी विवरण-२०७०

| कक्षा | कुल विद्यार्थी | दलित विद्यार्थी | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कामी | दमाई | सार्की | मुसहर | धोवी | वाँतर | तत्मा (दास) | डोम |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |

३) कक्षा छोड्ने कुल विद्यार्थी विवरण-२०७०

| कक्षा | कुल विद्यार्थी | दलित विद्यार्थी | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कामी | दमाई | सार्की | मुसहर | धोवी | वाँतर | तत्मा (दास) | डोम |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |

**४) शैक्षिक परिणाम सम्बन्धी विवरण-२०६९**

| जाति | कक्षा ९ | | कक्षा १० | |
|---|---|---|---|---|
| | उत्तिर्ण | अनुत्तिर्ण | उत्तिर्ण | अनुत्तिर्ण |
| कामी | | | | |
| दमाई | | | | |
| सार्की | | | | |
| मुसहर | | | | |
| धोवी | | | | |
| वाँतर | | | | |
| तत्मा(दास) | | | | |
| डोम | | | | |

५) तपाईको विचारमा दलित विद्यार्थीले कक्षा छोड्ने पर्ने कारण के हुनसक्छ ?

..........................................................................................................

६) दलित विद्यार्थीहरूको उत्तिर्णदर कम हुनाको कारण के हुन सक्छ ?

..........................................................................................................

७) दलित विद्यार्थीहरूको कक्षा छोड्ने र दोहोऱ्याउने दर कम गर्न के गर्नुपर्छ ?

(क) (ख)

(ग) (घ)

८) तपाईको विचारमा दलित विद्यार्थीहरू अनुत्तिर्ण हुनका प्रमुख कारण के-के हुन सक्छन् ?

(क) (ख)

(ग) (घ)

९) दलित विद्यार्थीहरूको उत्तिर्णदर बढाउन के-के गर्नुपर्ला ?

(क) (ख)

(ग) (घ)

१०) दलित विद्यार्थीहरूका अभिभावकले आफ्ना बालबालिकाहरूको पढाइँप्रति कत्तिको चासो राखेको पाउनु भएको छ ?

## परिशिष्ट -५

## शिक्षकलाई सोधिने प्रश्नावली

विद्यालयको नामः ठेगानाः

शिक्षकको नामः शिक्षण अनुभवः

१) तपाईको विद्यालयमा अध्ययरत् दलित विद्यार्थीहरूको शैक्षिक स्तर कस्तो छ ?

..........................................................................................

२) तपाईले अध्यापन गराउने विद्यालयमा कुन दलित समुदायका विद्यार्थीको स्तर उच्च छ ?

(क) कामी (ख) दमाई (ग) सार्की (घ) मुसहर (ङ) धोवी

(च) वाँतर (छ) तत्मा(दास) (ज)डोम

३) दलित विद्यार्थीहरूले वीचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर बढ्नाको कारण के हुन सक्छ ?

..........................................................................................

४) दलित विद्यार्थीहरूलाई सिकाइमा उत्प्रेरणा दिन शिक्षकले के-कस्तो उपाय अवलम्बन गर्नु पर्ला ?

..........................................................................................

५) दलित विद्यार्थीहरूको माध्यमिक तहमा सहभागिता एवँ शैक्षिक स्तर वृद्धि गर्नका लागि तपाई कस्तो सुझाव दिन चाहनुहुन्छ?

## परिशिष्ट -६

## अवलोकन फारम

विद्यार्थी  अवलोकन

शैक्षिक सामग्रीको व्यवस्था : छ /छैन

पोशाक : भए / नभएको

विद्यालयमा नियमित गए नगएको :

घरमा गर्ने कामको विवरण : ...............................

अभिभावकको अवलोकन :

१) जीवनस्तर  : उच्च, मध्य, निम्न

२) घरको किसिम : ............................

३) भाषाको अवस्था : .........................

४) घरको अवस्था : सफा/फोहोर

५) बावु आमाको छोराछोरीलाई गर्ने व्यवहार :...................................